म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक १५३ | आइतबार, ४ माघ २०८२ | ने. सं. ११४६ पोहेलागा | 18 January 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

### अन्तिमचरणमा दुई सडक, धमाधम स्तरोन्नति हुँदै कान्ति लोकपथ

# काठमाडौं-हेटौंडा जोड्ने सडक स्तरोन्नति तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ काठमाडौं-हेटौंडा जोड्ने सडक स्तरोन्नति तीव्र पारिएको छ । कान्ति राजपथ प्रमुख मार्ग बन्ने सम्भावना देखिएको छ । संघीय राजधानी काठमाडौं र बागमती प्रदेशको राजधानी हेटौंडा जोड्ने पाँच मुख्य सडक सञ्चालनमा छन् । ती सडकमध्ये काठमाडौं-मुग्लिन-हेटौंडा २३२ किलोमिटर, काठमाडौं-पालुङ-हेटौंडा १३६ किलोमिटर, काठमाडौं-सिस्नेरी-हेटौंडा ८५ किलोमिटर, काठमाडौं-फाखेल-हेटौंडा ८० किलोमिटर र टीका भैरव-हेटौंडा-कान्ति राजमार्ग ९० किलोमिटर लामो छ ।



यी सडकमार्ग हुँदै हाल यात्रुले ३ देखि ८ घण्टासम्म यात्रा गर्नुपर्ने अवस्था छ । सहज आवतजावत र यात्रा समय घटाउन हाल पालुङ-हेटौंडा बाहेक अन्य चार सडक स्तरोन्नतिका क्रममा छन् । विशेषगरी कान्ति लोकपथ, काठमाडौं-फाखेल-कुलेखानी र काठमाडौं-सिस्नेरी-कुलेखानी सडकलाई तीव्रगति दिइएको छ । प्रदेश सरकारले निर्माण गरिरहेका कुलेखानी-फाखेल-काठमाडौं र कुलेखानी-सिस्नेरी-काठमाडौं सडक अन्तिमचरणमा पुगेका छन् । यी दुई सडकको करिब दुईतिहाई खण्ड एउटै भएपनि फर्पिङदेखि कुलेखानी सम्मको खण्ड अलगअलग मार्ग हुँदैछ । अन्यत्र सडक एउटै खण्डमा रहेको छ ।

हाल कुलेखानी-सिस्नेरी १९ दशमलब ९२ किलोमिटर सडकलाई दुई प्याकेजमा ठेक्का लगाइएको छ । काठमाडौंतर्फको ७ किलोमिटर र मकवानपुरतर्फको १२ किलोमिटर सडकको कुल लागत ४१ करोड ९१ लाख रुपैयाँ रहेको छ । मकवानपुर खण्डको काम गतवर्षै सम्पन्न भइसकेको छ । आयोजनाका इन्जिनियर समुन्द्र रोक्काका अनुसार काठमाडौं खण्डको भौतिक प्रगति ९२ प्रतिशत पुगेको छ । सल्लेनीडाँडा, माइतीखोला लगायत स्थानमा करिब १ किलोमिटर मात्रै कालोपत्रे बाँकी छ ।

कालोपत्रे सकिएका स्थानमा रङरोगन र अन्य सुसज्जित काम जारी छन् । 'कुलेखानी-सिस्नेरी-काठमाडौं सडक दुई खण्डमा ठेक्का लगाइ स्तरोन्नति भइरहेको छ । मकवानपुर खण्डको काम गत वर्षै सम्पन्न भइसक्यो । काठमाडौं खण्डको अन्तिमचरणमा पुगेको छ । माघ मसान्तसम्म सकिन्छ,' उनले भने । प्रदेश सरकारअन्तर्गत स्तरोन्नति गरिँदै आएको कुलेखानी-फाखेल-काठमाडौं सडकको अन्तिमचरणमा पुगेको छ । कलंकी-फाखेल-हुमाने १२ किलोमिटर सडकको भौतिक प्रगति ९९ प्रतिशत पुगेको छ । आयोजना सबइन्जिनियर बलराम यादवका अनुसार निर्माणको सबै काम सकिसक्यो र थोरै स्थानमा मात्र र ङरोगन बाँकी छ ।

यस सडकको लागत ३५ करोड ४८ लाख ८८ हजार ९१६ रुपैयाँ रहेको छ । ८ मिटर चौडाइको सडकमा ८ किलोमिटर खण्डमा कालोपत्र र ४ किलोमिटरमा ढलान गरिएको छ । महालक्ष्मी खोलामा १५ मिटर लामो आर्क ब्रिज निर्माणको काम ८० प्रतिशत सकिएको छ र फागुनसम्म सम्पन्न हुने अपेक्षा गरिएको छ ।

**धमाधम स्तरोन्नति हुँदै कान्ति लोकपथ**

कान्ति राजपथ हाल सञ्चालनमा रहेका सडकमध्ये भारी सवारी साधन पनि यात्रा गर्ने र काठमाडौं-तराई जोड्ने सबैभन्दा छोटो दूरीको मार्ग हो । यस मार्गको ट्र्याक वि.सं. २०१३ सालमा राजा महेन्द्रले नेपाली सेनाको सहयोगमा खोल्न सुरु गरेका थिए । २०१६ सालमा ट्र्याक पूर्ण भएपछि राजा महेन्द्रले आफैंले जीप हाँकेर काठमाडौंबाट हेटौंडा आएका थिए । ५ दशकसम्म प्राथमिकतामा नरहेको यो मार्गलाई २०५९ सालमा कोरियाली सरकारको सहयोगमा विस्तृत परियोजना तयार गरी स्तरोन्नति थालिएको थियो ।

सरकारले आर्थिक वर्ष २०६५/६६ देखि कान्ति लोकपथ सडक आयोजना स्थापना गरी स्तरोन्नति सुरु गरेको हो । आर्थिक वर्ष २०७२/७३ पछि मात्र यस सडकको स्तरोन्नति तीव्रता पाएर अघि बढेको छ । हाल दुई लेनको कान्ति लोकपथमा करिब २ किलोमिटर सडक अझै एक लेनको अवस्थामा छ । केन्द्र सरकारले १ अर्ब ६० करोड लगानीमा चार प्याकेजमा ठेक्का लगाएर सडक सुधार, मोड सुधार, कालोपत्र, पहिरो नियन्त्रण र पुल निर्माणकार्य तीव्रगतिमा गर्दैछ । ललितपुरको टीकाभैवरदेखि बगुवासम्म २० किलोमिटर सडक स्तरोन्नतिका लागि कन्काई-ब्राइट मल्टी-दिव्यज्योति जेभीले ९१ करोड ८४ लाख रुपैयाँमा ठेक्का पाएको छ ।

टीकाभैवर-बगुवा खण्डको भैंसेखोला, बिर्खेखोला र तीनपानेमा पहिरो नियन्त्रणका लागि छुट्टै ठेक्का लगाइएको छ । यसमा न्यू टेक्निकल इन्फ्रा प्रालिले २१ करोड ४८ लाख रुपैयाँमा ठेक्का पाएको छ । बगुवा-हेटौंडा बुद्धचोकसम्मको ५० किलोमिटर खण्डमा पनि सडक स्तरोन्नति र फराकिलो बनाउन ठेक्का भइसकेको छ । टार्खुचे-ठिंगन खण्ड ६ किलोमिटरको सडक फराकिलो बनाउन १८ करोड रुपैयाँको ठेक्का भएको छ । 'बगुवा-बुद्धचोकको विभिन्न स्थानमा साँघुरो छ । ती स्थानमा मोड कटान, रिटेनिङ वाल लगाई दुई लेनको बनाउने गरी ठेक्का लगाइएको छ,' उनले भने, 'हाल धमाधम काम भइरहेको छ । भौतिक प्रगति ३० प्रतिशत पुगेको छ ।'

यसको ठेक्का रेड अर्थ-प्रकाश तारा जेभीले १८ करोड १ लाख रुपैयाँमा पाएको छ । यसको काम डेढ वर्ष (२०८३ कात्तिक १८ गते) भित्र सक्नुपर्नेछ । २०८१ असोजमा आएको बाढीले बगाएको पुल निर्माणका लागि छुट्टै ठेक्का लगाइएको छ । पुल निर्माणको ठेक्का केएम इन्जिनियर्स बिल्डर्सले १८ करोडमा लिई काम सुरु गरेको छ । हेटौंडाक्षेत्रमा फुटपाथ निर्माण पनि सम्पन्न भइसकेको छ । बगुवा-घट्टेपाखा क्षेत्रमा पहिरो नियन्त्रणका लागि चालु आवमा २५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

सडक स्तरोन्नति र निर्माणको तीव्रतासँगै काठमाडौं-हेटौंडा आवतजावत सहज, सुरक्षित र छोटो समयमै सम्पन्न हुने अपेक्षा गरिएको छ । कान्ति राजमार्ग प्रमुखमार्ग बन्दै गएको यस परियोजनाले प्रदेश र संघीय राजधानी बीचको सम्बन्ध थप मजबुत बनाउने र यातायात व्यवस्थापनमा उल्लेखनीय सुधार ल्याउने विश्वास गरिएको छ ।

### हेटौंडा बजारको मुहार फेरिने चरणमा छ: नगरप्रमुख लामा

# ग्रिल तथा स्टिल व्यवसायी संघमा नकर्मीको नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले हेटौंडा बजारको मुहार फेरिने चरणमा रहेको बताएकी छिन् ।

मकवानपुर ग्रिल तथा स्टिल व्यवसायी संघको १२ औं वार्षिक साधारणसभा एवम् ५ औं अधिवेशनमा उनले हेटौंडालाई नयाँ सहरको रुपमा विकास गर्नको लागि उपमहानगरले नयाँ भिजन तयार पारेको बताइन् । सडक विस्तार सम्बन्धी मुद्दा सर्वोच्च अदालतबाट छिनोफानो भएपछि बजारले एउटा नयाँस्वरुप लिने उनको भनाई छ । नगरप्रमुख लामाले अटो भिलेज निर्माणको कामलाइ छिट्टै सुरु गरिने बताइन् । सडक विस्तारको क्रममा मारमा परेका स्टिल व्यवसायीलाई उचित स्थानमा व्यवस्थापन गर्न उपमहानगर प्रतिबद्ध रहेको उनले उल्लेख गरिन् ।

नगरप्रमुख लामाले स्टिल व्यवसायीलाई करको दायरमा आएर आफ्नो व्यवसाय गर्न आग्रह गरिन् । अबको निर्माणको समय भएकोले उच्चमनोबल बनाई विश्वासनीय ढंगले काम गर्नुपर्नेमा उनले जोड दिइन् । नगरप्रमुख लामाले स्टिल व्यवसायीको लागि अवसरसँगै चुनौती पनि थपिँदै गएको जिकिर गरिन् ।

निर्माण कार्यको सिलसिलमा स्वास्थ्य मापदण्ड अपनाएर काम गर्न उनले आग्रह गरिन् । नगरप्रमुख लामाले निर्माण व्यवसायीको लागि स्वास्थ्य बीमाको व्यवस्था गर्ने बताउँदै एकसय जना निर्माण व्यवसायीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने प्रतिबद्धता व्यक्त गरिन् ।

**नकर्मीको नेतृत्वको १९ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन**

अधिवेशनले संघमा ३ वर्षको लागि रविकृष्ण नकर्मीको अध्यक्षतामा १९ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । कार्यसमितिको उपाध्यक्षमा गिरिराज न्यौपाने, सचिवमा कविराज पाठक, सहसचिवमा बलराम श्रेष्ठ, कोषाध्यक्षमा राजु जिसी चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा स्वरुप पौडेल, रामपुनित चौधरी, सरिता प्रधान, करण सिंह, टीकाराम मैनाली, विनय भेटवाल, सजनकुमार घिमिरे, राजन महत, मानडोच स्याङतान, सावित्री प्रसाई, जानुकादेवी पौडेल, शंकर खड्का, कल्पना ढुंगेल चयन भएका छन् ।

कार्यक्रममा ग्रिल तथा स्टिल व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष ठुलोबाबु श्रेष्ठ, घरेलु तथा साना उद्योग महासंघका वस्तुगत तर्फका उपाध्यक्ष मोहन कटुवाल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतको आतिथ्यता रहेको थियो ।




# नगरस्तरीय भलिबलको उपाधि कृष्णआदर्शलाई



साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/हेटौंडा उपमहानगरस्तरीय छात्र भलिबल प्रतियोगिताको उपाधि हेटौंडा-९ स्थित कृष्णआदर्श इंग्लिस बोर्डिङ स्कूलले जितेको छ ।

शनिबार दिउँसो सम्पन्न फाइनल खेलमा हेटौंडा-१८ स्थित ज्योति माध्यमिक विद्यालयलाई २-१ को सेटमा पराजित गर्दै कृष्णआदर्शले उपाधि जितेको हो । पहिलो सेट २४-२६ ले गुमाएको कृष्णआदर्शले दोस्रो र तेस्रो सेट क्रमशः २५-२२ र १५-६ ले आफ्नो पक्षमा पार्दै उपाधि रक्षा गरेको हो । यसअघि शनिबार बिहान भएको सेमीफाइनल खेलमा ज्योति माध्यमिक विद्यालयले जीएस निकेतनलाई २५-१३, २२-२५ र १५-९ को सेटले पराजित गरेको थियो ।

यस्तै कृष्णआदर्शले ज्ञानोदय आवासीय माध्यमिक विद्यालयलाई २५-२३ र २५-१७ को सेटमा पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो । शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा-४ को आयोजना तथा आधुनिक राष्ट्रिय माविको व्यवस्थापनमा सम्पन्न प्रतियोगितामा १२ वटा विद्यालयको सहभागिता रहेको थियो । प्रतियोगिता हिजो शुक्रबारबाट सुरु भएको हो । आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षक राजाराम पोखरेलको संयोजकत्वमा प्रतियोगिता भएको हो ।

# जनकल्याण माविमा १३ सदस्यीय एल्मुनाइ गठन



साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ मकवानपुरकै तेस्रो जेठो माध्यमिक विद्यालयकारुपमा परिचित जनकल्याण माध्यमिक विद्यालयमा सम्पन्न पूर्वविद्यार्थीको भेलाले यादवजंग रायमाझीको अध्यक्षतामा १३ सदस्यीय जनकल्याण एल्मुनाइ एसोसिएसन गठन गरेको छ ।

नवगठित एसोसिएसनको उपाध्यक्षमा विजयविक्रम श्रेष्ठ, सचिवमा विक्रम गोपाली, सहसचिवमा मञ्जरी अधिकारी र कोषाध्यक्षमा कमला अधिकारी चयन भएका छन् । त्यसैगरी सदस्यमा हरिकृष्ण कार्की, शम्भु अधिकारी, नवीन रायमाझी, गगन श्रेष्ठ, राजकुमार मोक्तान, बिरोध रायमाझी, पूर्णिका कार्की र नारायण तामाङ रहेका छन् । एल्मुनाइका अध्यक्ष निरञ्जन अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरउपप्रमुख समेत रहेका पूर्वविद्यार्थी भरत गोपालीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा विद्यालयका पूर्वप्रधानाध्यापक सानोभाइ कार्की, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजीवकुमार स्याङ्तान, शिक्षक अभिभावक संघका अध्यक्ष नवराज कार्की, वर्तमान प्रधानाध्यापक रामकुमार बल, पूर्वशिक्षकहरु, एसोसिएसनका पूर्वपदाधिकारी तथा उल्लेख्य संख्यामा पूर्वविद्यार्थीको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुखअतिथि उपप्रमुख गोपालीले विद्यालयको शैक्षिक गुणस्तर सुधारमा पूर्वविद्यार्थीको भूमिका अत्यन्त महत्वपूर्ण हुने उल्लेख गर्दै ज्ञान, अनुभव र स्रोतसाधनको उपयोगमार्फत् विद्यालयलाई थप सुदृढ बनाउन एल्मुनाइ एसोसिएसनले अग्रणी भूमिका खेल्नुपर्ने बताए ।

उनले पूर्वविद्यार्थी र विद्यालयबीचको सम्बन्ध मजबुत हुँदा शिक्षाको गुणस्तर, भौतिक पूर्वाधार र विद्यार्थीको समग्र विकासमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरे । भेलाले नवगठित एल्मुनाइ एसोसिएसनमार्फत् विद्यालयको शैक्षिक, सामाजिक तथा संस्थागत विकासमा सहकार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

साझाकुरा

## हाम्रो कुरा

# निर्वाचनमय बन्दै मुलुक

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा चुनावको माहोत बन्दै गएको छ । नेपाली कांग्रेसको विशेष महाधीवेशनलाई लिएर बिभिन्न अड्कलबाजी गरिरहेका नागरिकलाई निर्वाचन आयोगको फैसलाले निर्धारीत मितिमै निर्वाचन हुने कुरामा बिश्वस्त गराएको छ । निर्वाचन लक्षित गर्दै मकवानपुरमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । निर्वाचन कार्यालयकाअनुसार प्रतिनिधिसभा सदस्य उम्मेदवारको मनोनयनपत्र दर्ता माघ ६ गते मंगलबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा हुनेछ । मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन सोही दिन साँझ ५ बजेदेखि ७ बजेसम्म हुनेछ । उम्मेदवारको विरोधमा उजुरी माघ ७ गते बिहान १० बजेदेखि ३ बजेसम्म गर्न सकिने प्रदेश निर्वाचन कार्यालयले जानकारी दिएको छ । मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने कार्यक्रम माघ ७ र ८ गते रहेको छ । उम्मेदवारको नामावली प्रकाशन माघ ८ गते साँझ ५ बजेदेखि ७ बजेसम्म छ भने उम्मेदवारको नाम फिर्ता लिने कार्यक्रम माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म रहेको छ ।

उम्मेदवारको अन्तिम नामावली प्रकाशन माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्म र उम्मेदवारलाई निर्वाचनचिन्ह सोही दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्म प्रदान गरिने कार्यालयले जनाएको छ । मतदान भने फागुन २१ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म रहेको छ । कार्यालयका अनुसार मकवानपुरमा महिला १ लाख ५३ हजार ३ सय ७६, पुरुष १ लाख ६१ हजार ९ सय ५३ र अन्य ५ गरी कुल ३ लाख १५ हजार ३ सय ३४ मतदाता रहेका छन् । जसमध्ये क्षेत्र नं. १ मा ७८ हजार ८ सय १० महिला, ७९ हजार ६ सय २१ पुरुष र ४ जना अन्य गरी १ लाख ५८ हजार ४ सय ३५ मतदाता रहेका छन् भने क्षेत्र नं. २ मा ७४ हजार ५ सय ६६ महिला, ८२ हजार ३ सय ३२ पुरुष र १ जना अन्य गरी १ लाख ५६ हजार ८ सय ९९ जना मतदाता रहेका छन् । मकवानपुरमा १ सय ६७ मतदानस्थल र ३ सय ७४ मतदान केन्द्र रहेका छन् । क्षेत्र नं. १ मा ६२ मतदानस्थल र १ सय ७८ मतदान केन्द्र एवम् क्षेत्र नं. २ मा १ सय ५ मतदानस्थल र १ सय ९६ मतदान केन्द्र रहेको कार्यालयले जनाएको छ । मकवानपुरका १९ मतदानस्थललाई अतिसंवेदनशील सूचिमा राखिएको छ । सुरक्षा संवेदनशीलताको आधारमा जिल्लाका १० स्थानीय तहमध्ये ६ स्थानीय तहमा रहेका मतदानस्थल अतिसंवेदनशीलको सूचीमा परेका हुन् । जिल्लाभर रहेका कुल १ सय ६७ मतदानस्थलमध्ये १९ वटा अति संवेदनशील, ६० वटा संवेदनशील र ८८ वटा सामान्य श्रेणीमा राखिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र व्यवस्थितरुपमा सम्पन्न गराउने उद्देश्यसहित कार्यालय स्थापना गरिएको थियो । दुईवटा निर्वाचन क्षेत्र रहेको मकवानपुर क्षेत्र नम्बर १ र क्षेत्र नं. २ को कार्यालय हेटौंडा-११ थानाभऱ्याङस्थित प्रादेशिक कृषि थोकबजारमा कार्यालय स्थापना गरिएको हो ।

निर्वाचन कार्यसम्पादन गर्नको लागि मुख्य निर्वाचन अधिकृतमा जिल्ला न्यायधीश गीता श्रेष्ठ र निर्वाचन अधिकृतमा जिल्ला सरकारी वकिलको कार्यालय मकवानपुरका जिल्ला न्यायाधीवक्ता देवेन्द्रराज आचार्यलाई नियुक्त गरिएको छ । मकवानपुरको निर्वाचन क्षेत्र नम्बर १ मा श्रेष्ठ र निर्वाचन क्षेत्र २ मा आचार्यलाई खटाइएको प्रदेश निर्वाचन कार्यालय हेटौंडाले जनाएको छ । प्रदेश सरकारका प्रमुखसचिव बाबुराम अधिकारीले मुलुक निर्वाचनको माहोलमा प्रवेश गरिसकेको उल्लेख गर्दै निर्वाचन सफल बनाउनुको विकल्प नरहेको बताएका छन् । प्रमुखसचिव अधिकारीले देशको राजनीतिलाई सही दिशामा लैजान निर्वाचन अपरिहार्य रहेको धारणा राखेका छन् । मुख्य निर्वाचन अधिकृत श्रेष्ठले विषम परिस्थितिमा निर्वाचन सफल बनाउन सबै निकाय र सरोकारवाला पक्षबीच सहकार्य आवश्यक रहेको बताइन् । निर्वाचन सफल बनाउन सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै उनले मिस इन्फर्मेसन र डिस इनफर्मेसनबाट जोगिन आग्रह गरिन् । निर्वाचनसँग सम्बन्धित सूचनाप्रवाह, शान्तिसुरक्षालगायतका विषयमा सत्यतथ्य र जिम्मेवार ढंगले समाचार सम्प्रेषण गर्न सञ्चारमाध्यमलाई आग्रह गरिन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ ५ गते सोमबार १९ जनवरी २०२६ । प्रतिपदा, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५७ सूर्यास्त ५:३२ । सोनाम (तामाङ) ल्होसार । श्री बल्लभ जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद बढ्न सक्नेछ | तुला | : शुभ समाचार सुन्न पाइनेछ |
| वृष | : उत्साह कम हुनेछ | वृश्चिक | : मान सम्मान पाउन सकिनेछ |
| मिथुन | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | धनु | : मन खिन्न हुन सक्नेछ |
| कर्कट | : उदर-विकार हुन सक्नेछ | मकर | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| सिंह | : परिवारमा उन्नति हुनेछ | कुम्भ | : राजनीतिमा सफलता मिल्नेछ |
| कन्या | : काममा रोकावट आउन सक्नेछ | मीन | : काममा विलम्ब हुनेछ |

# रोक्नुहुन्न गगन-विश्व वेग

**यसबेला कांग्रेस आन्तरिक विवादमा फस्नु शुभसंकेत अवश्य होइन । यो कुनै व्यक्ति वा समूहको जीत-हारको सवाल पनि होइन । सार्वजनिक जीवनमा व्यक्तिगत चाहना, भावना तथा प्रतिष्ठाका सवालभन्दा राष्ट्रिय सवालले महत्व राख्दछ ।**



**चरण प्रसाई**

नेपाली कांग्रेसको ऐतिहासिक दोस्रो विशेष महाधिवेशनबाट वैधानिक रूपमा गगनकुमार थापाको 'रूपान्तरणको उद्घोष' सहित सर्वसम्मतिबाट पार्टी सभापति चयन भएका छन् । मुलुकको राजनीतिमा नवीन चेतना, साहस, विवेक तथा युगान्तकारी परिवर्तनको सन्देश बोकेर नेतृत्वको भूमिकामा उभिएका छन् । उपसभापतिद्वय विश्वप्रकाश शर्मा, पुष्पा भुषाल, महामन्त्रीद्वय प्रदीप पौडेल, गुरु घिमिरे लगायत पदाधिकारी तथा केन्द्रीय सदस्य उनका सहयात्री भएका छन् । लोकतन्त्रको रक्षा, स्थायित्व तथा राजनीतिक असल अभ्यासका लागि आशा एवं भरोसामय 'टिम' लिएर गगन उदाएका छन् ।

विडम्बना, पार्टीको सर्वोच्च निकाय विशेष महाधिवेशनले दिएको आदेशलाई निवर्तमान कार्यसमितिका सभापति शेरबहादुर देउवा समूहले आत्मसात् गरेका छैनन् । वैधानिक ढंगबाट सम्पन्न महाधिवेशनको अस्तित्वलाई स्वीकार्न तयार भएनन् । यस विपरीत तत्कालीन महामन्त्रीद्वय गगनकुमार थापा, विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई पाँच वर्षका लागि साधारण सदस्य समेत नरहने भनी जगहँसाउने निर्णय गरे । विधानको पालना गर्नेमाथि कारबाहीको अशोभनीय अस्त्र प्रयोग गरे । विधिको शासनको उपहास गरे । पार्टीभित्र व्यक्तिवादी चरित्र हावी भएको देखाए ।

लोकतन्त्र भनेको विधि, प्रक्रिया तथा बहुमतद्वारा सञ्चालित शासन प्रणाली हो । विधिको शासन यसको मर्म एवं सर्वमान्य सिद्धान्त हो । मुलुकको शासन प्रणाली संविधान, ऐन तथा कानूनद्वारा निर्देशित हुन्छ । पार्टी, यसको महाधिवेशनबाट पारित विधान अन्तर्गत चल्ने गर्छ । महाधिवेशन पार्टीको सर्वोच्च निकाय हो । यसले दिएका निर्देशन तथा निर्णय पालना गर्नु हरेक सदस्य, सम्पादन समिति, केन्द्रीय समिति र महासमितिको कर्तव्य हो । यो बाध्यकारी हुन्छ । यसमा 'ईफ्स' वा 'बट्स' अथवा अन्य बहानामा उल्लंघन गर्ने छुट हुँदैन ।

नेपाली कांग्रेसको विधानको धारा १७ (२)को प्रावधानले महाधिवेशन प्रतिनिधिहरूलाई विशेष अधिवेशन बोलाउने अधिकार छ । यस अधिकारलाई निषेध गर्न मिल्दैन । कुनै पनि बहानामा वा केन्द्रीय समितिको अकर्मण्यतामा यस अधिकारको सम्बोधन नगर्ने कुरा हुँदैन । वैधानिक तवरबाट ५४ प्रतिशत भन्दा बढी प्रतिनिधिहरूले पार्टीको केन्द्रीय कार्यालयमा दर्ता गरेको निवेदनलाई पन्छाउन खोजियो । यस वैधानिक तथा बाध्यकारी व्यवस्थालाई बहुमतका बलमा अस्वीकार गरियो । त्यस निर्णयका विरुद्धमा महामन्त्रीद्वय थापा र शर्मा, फरमुल्लाह मन्सुर, अर्जुननरसिंह केसी र उमा रेग्मीले 'नोट अफ डिसेन्ट' लेखेर असहमति दर्ज गरे ।

तथापि तत्कालीन महामन्त्रीद्वय गगन कुमार थापा र विश्वप्रकाश शर्माले पार्टीको लोकतान्त्रिक छविलाई बचाउन सफल भए । विधान बमोजिम समयसीमा भित्र विशेष अधिवेशन बोलाएर कांग्रेसको रूपान्तरण संघर्षलाई अघि बढाए । 'टसमस' नहुने पार्टीका यथास्थितिवादी शक्तिलाई हल्लाए । व्यक्तिवादी चरित्र बोकेका 'ढिट' नेताहरूलाई बदल्ने प्रयत्न गरे । विधि मान्ने कि नेताका निर्देशन पालना गर्ने ? सच्चिने कि सकिने ? जेनजी आन्दोलनको भावनालाई आत्मसात् गर्ने कि उपहास गर्ने ? २०८२ पुस २७-३० को विशेष महाधिवेशन मार्फत प्रश्न उठाएका छन् ।

दलीय राजनीति भन्दा माथि उठेर भएको जेनजी आन्दोलनले राष्ट्रलाई परिवर्तन र शुद्धीकरणको गहिरो सन्देश दियो । नातावाद, कृपावाद तथा अवसरवाद विरुद्धको आन्दोलन थियो त्यो । भ्रष्टाचारमुक्त, दण्डहीनता अन्त्य तथा सुशासनको प्रत्याभूति मागेको थियो । कतिपय पुराना दलका नेताले तिनका पुनित भावनाको अवमूल्यन गरेका छन् । नयाँ भनिएका पार्टी तिनका चाहनाको अन्तर्यमा पुग्ने भन्दा राजनीतिक फाइदा लिएका छन् । केही दलले जेनजी पुस्ताका अनुहार भित्र्याएर असली हकदार आफूलाई ठानेका छन् ।

जेनजी आन्दोलनका भावनालाई गगनले आत्मसात् गर्न चुकेनन् । आन्दोलनका पीडित (घर जलाएर ध्वस्त पारिएको) भएर पनि एक परिपक्व र दूरदर्शी नेताका रूपमा देखा परे । प्रायः सबै जिम्मेवार भनी चिनिएका नेताहरूको बोली बन्द भएका बेला उनी सार्वजनिक रूपमा प्रस्तुत भए । नेपाली कांग्रेस सहितका पुराना दलहरूबाट भएका कमी-कमजोरी र गल्तीलाई स्वीकार्न हिचकिचाएनन् । माफी मागे । मुलुकको शासन पुरानो ढर्रा तथा पद्धतिबाट चल्न नसक्ने स्वीकारे । राजनीतिक रूपान्तरणका लागि आफू र आफ्नो पार्टी लागिपर्ने आत्मविश्वास साथ वचन दिए । एक अलग नेतृत्व क्षमता भएका व्यक्तित्वका रूपमा देखिए । मुलुक नै स्तब्ध भएको क्षणमा कुनै आक्रोश र आवेगमा नआई विवेकी नेताको परिचय दिए । शासन शैलीमा गल्ती भएकै हो भनेर वास्तविकता स्वीकारे । त्यसबाट पाठ सिकेर सुर अघि बढ्ने प्रण गरे ।

यतिबेला जेनजी आन्दोलनका आह्वानकर्ता मिराज ढुङ्गाना समेत विभिन्न समूह माइतीघरमण्डलामा धर्नामा र सुशीला कार्कीसँगको १० बुँदे सम्झौता विरुद्धमा आन्दोलित छन् । त्यसलाई चुनावपछिको संसद्ले अपनत्व नलिने सम्भावना देखेका छन् । कुनै सरकार ढाल्नु वा चुनावलाई दुई वर्ष अघि सार्नु आन्दोलनको मर्म नरहेको बताएका छन् । डा. निकोलस भुसाल आमरण अनशनमा बसे । सरकारले माग पूरा गर्ने आश्वासनपछि बालुवाटार (अनशन स्थलमा नभई) पुऱ्याएर प्रधानमन्त्री सुशीलाको हातबाट जुस खुवाई अनशन तोड्ने कार्य भयो । सत्याग्रहीप्रति सरकारले देखाएको सम्मान थिएन त्यो ।

जेनजीका मुख्य माग संविधान संशोधन र सुशासनको प्रत्याभूति हो । नेपाली कांग्रेसभित्र 'विशेष महाधिवेशन प्रकरण'मा उच्च बहस र संघर्ष चलिरहेका बेला गगनले जेनजी मागको पनि चिन्ता लिएको देखिए । २०६३ सालमा सक्रिय नागरिक समाजलाई सम्झिए । संविधान जारी गर्ने बेलाको सकसमा नागरिक समूहले खेलेको भूमिकाको स्मरण गरे । फागुन २१ को चुनाव अगावै जेनजी लगायतका प्रमुख राजनीतिक दलहरूसँगको समन्वयमा संविधान संशोधनमा साझा धारणा निर्माण गर्न सकारात्मक बहस चलाउने अवधारणा अघि सारे । यसबाट आमनिर्वाचनपछि गठन हुने प्रतिनिधिसभालाई संशोधन मुद्दामा सहज हुने विश्वास गरेका छन् । जेनजी पुस्तामा चुनावपछि रहेको अन्योललाई चिर्ने प्रयासको प्रस्ताव उनले अघिसारेका छन् ।

सिद्धान्त भन्दा व्यक्तिगत स्वार्थबाट नेपालका पार्टीभित्र उथलपुथल हुने गरेको इतिहास छ । यसमा नेपाली कांग्रेस अपवाद छैन । लोकतन्त्रको स्थायित्व तथा युवापिंढीको भावनालाई मूर्तरूप दिन मुलुक चौबाटोमा खडा छ । यसबेला कांग्रेस आन्तरिक विवादमा फस्नु शुभसंकेत अवश्य होइन । यो कुनै व्यक्ति वा समूहको जीत-हारको सवाल पनि होइन । सार्वजनिक जीवनमा व्यक्तिगत चाहना, भावना तथा प्रतिष्ठाका सवालभन्दा राष्ट्रिय सवालले महत्व राख्दछ । व्यक्तिवादी चरित्रले व्यक्ति, पार्टी वा देशको भलो भएको छैन । कसैलाई त्यसबाट क्षणिक आनन्द होला तर देशको भविष्यमाथि दूरगामी असर पर्ने निश्चित छ । राष्ट्रले बारम्बार भोगेको तितो यथार्थ हो, यो ।

धेरैलाई लागेको थियो- दूरदर्शी नेता बीपी कोइराला एवं सन्तनेता कृष्णप्रसाद भट्टराईका अनुयायी शेरबहादुर देउवाले समयको मागलाई सम्झने, बुझ्ने छन् । उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएर प्रशंसा कमाएका देउवाले विधानको पालना गर्न महामन्त्रीद्वयलाई सघाउने छन् । विशेष महाधिवेशनलाई सम्बोधन गरेर २०५१ सालमा किसुनजीले चाल्नुभएको कदमलाई पहिल्याउने छन् । गिरिजाप्रसाद कोइरालासँग रहेको चरम तिक्तता तथा पार्टी टुक्रिनबाट बचाउन खेलेको भूमिकालाई आत्मबोध गर्नेछन् । तर देउवा किन यस सवालमा चुके ? वैधानिक विशेष महाधिवेशनमा किन गएनन् ? विधिको शासनलाई किन मानेनन् ? रहस्यमय छ ।

गगन थापालाई अति महत्वाकांक्षी नेता भएको विश्लेषण गरेको पनि सुनियो । राजनीतिमा महत्वाकांक्षा राख्नु गलत होइन तर त्यो केका र कसका लागि भन्ने विषयले महत्व राख्दछ । पार्टी सुधार र देशको लोकतान्त्रिक भविष्य सुनिश्चित गर्न विद्रोहको आवाज उठाउनु कदापि बेठिक हुन सक्दैन । संसद्मा तिनले खेलेको सशक्त भूमिकालाई नजरअन्दाज गर्न पनि मिल्दैन । त्यसलाई कतिपयलाई अति लाग्न सक्दछ । तर गगनले आधुनिक विश्वसँग पूर्णरूपमा गाँसिएका युवा पुस्ताका भाषा बोल्न छोडेका छैनन् । यसलाई ठीक समयमा उठाइएको सही आवाज भएको सम्झनु जरूरी हुन्छ ।

जेनजी आन्दोलनले पार्टीहरूलाई रूपान्तरित हुन सशक्त सन्देश दिएको हो । पुराना नेतृत्वबाट मुलुकले सही दिशा अवलम्बन नगर्ने देखेको हो । आमनागरिकले समेत त्यही महसुस गरेका हुन् । यसमा केही दलले पुस्तान्तरणका प्रयास गरे पनि सफल भएनन् । अमूक पार्टी विघटन गरेर जम्बो केन्द्रीय समिति सहितको नयाँ नेतृत्वको भूमिकामा कायम छन् । वैकल्पित शक्ति भनिएको दलका क्रियाकलाप कस्ता छन् ? समानुपातिक सूचीसम्म आइपुग्दा देखिएको छ । र गगन-विश्व टिमले पुस्तान्तरणको मुद्दा छोडेनन् । कठिन परीक्षामा उत्रिए । सफल भए पनि त्यसलाई दलभित्र सर्वस्वीकार्य बनाउन भने सकेका छैनन् ।

मुलुकले संकट झेलेको अवस्थामा नेपाली कांग्रेसले जिम्मेवार भूमिका निर्वाह गरेको इतिहास छ । देशको राजनीतिले यतिबेला शुद्धीकरण र रूपान्तरण खोजेको शेरबहादुर दउवाले बुझेका छन् । विशेष महाधिवेशन पक्षमा वकालत गरेका शेखर कोइरालाको समन्वय भूमिका पार्टी र राष्ट्रको लागि विशेष महत्व राख्दछ । 'पार्टी फुटेको' भाष्यलाई समाप्त पार्न यी दुई नेतामाथि ऐतिहासिक जिम्मेवारी छ । विधिवत् सम्पन्न विशेष महाधिवेशनको आदेशलाई स्वीकार्नु सबैको हितमा हुन्छ । कानूनी लडाइँमा प्रवेश गर्नु 'महाभूल' हुनेछ । मुलुकले राजनेताको अवतरण देख्न चाहेको छ । यस वास्तविकतालाई स्वीकार्नु र सहयोग गर्नु दुवै नेताको महानता हुनेछ । अनि नेपालको राजनीतिक इतिहासमा धन्यवादका पात्र बन्नेछन् ।

*(साभार: अनलाइनखबर)*

# नेपाल सम्झँदै छन् कतार पुगेका रुद्रकली र खगेन्द्र

**चिरञ्जीवी मास्के**

खगेन्द्र ! नेपाल जाने ? कतारको अलखोर पार्क चिडिया घरमा पुगेका केही नेपाली पर्यटकले सोध्छन् । खगेन्द्र (हात्ती) ले आवाज निकालेर अँ..... को संकेत गर्छ । प्रश्न सोध्ने नेपाली युवती चुकचुकाउँछिन्- अँ भन्दै छ बिचरा ! पार्कमा रमाइरहेका धेरै नेपालीको मन निमोठिन्छ, खगेन्द्रको नेपाल प्रेमले । उनीहरु एकपटक आफ्नो जन्मथलो, आफ्नो गाउँको पाखा-पखेरामा मनमनै विचरण गर्छन् । अनि आफ्नो बाध्यताको बोझले थलिएर टोलाउँछन्, तिनै रुद्रकली र खगेन्द्रलाई हेरेर ।

कतारलाई नेपाल सरकारले उपहार दिएका दुई हात्ती रुद्रकली र खगेन्द्र अहिले कतार को अलखोर पार्क चिडिया घरमा बसिरहेका छन्, पर्यटकको प्रमुख आकर्षण बनेर । हेर्दा रुद्रकली र खगेन्द्र कतारमा खुशी देखिन्छन् । सामाजिक सञ्जालमा उनीहरुका विभिन्न पोजका तस्वीर सार्वजनिक भइरहेका छन् । कतारको अलखोर पार्क चिडिया घरमा बनाइएको पोखरीमा नुहाउँछन् उनीहरु । सुँडले एक-अर्कोलाई चुम्बन गर्दै रमाउँछन् । उनीहरु जन्मिएको र हुर्किएको थलोभन्दा निकै राम्रो र सुविधा सम्पन्न छ कतारको नयाँ बासस्थान ।

रुद्रकली र खगेन्द्रसँगै कतार पुगेका बुद्धिलाल श्रेष्ठ र पाचुखा थारुले उनीहरुको जीउमा बिभिन्न नक्सा बनाइदिएर आकर्षण थपिदिएका छन् । दुई हात्तीमध्ये रुद्रकलीको माउते हुन् बुद्धिलाल श्रेष्ठ । खगेन्द्रका माउते पाचुखा थारु हुन् । कतार पुगेका रुद्रकली र खगेन्द्र मात्र खुशी छैनन्, उनीहरुले अलखोर पार्क चिडिया घरमा पुग्ने धेरै पर्यटकलाई खुशी दिएका छन् । नेपाली पर्यटक त झन् खुशी हुन्छन्, आफ्नो देशको हात्तीलाई कतारको चिडिया घरमा हेर्न पाउँदा ।

तर यो खुशी रुद्रकली र खगेन्द्रको वास्तविक खुशी हो ? के उनीहरुले चितवनको सौराहस्थित आफ्नो जन्मथलोलाई अब चटक्कै भुलेका हुन् ? सम्झना आउँदैन होला उनीहरुलाई ? सौराहको त्यो भूमि, जहाँ धूलो, हिलो र हरियालीसँग लड्दै, दौडँदै, एक-अर्कोसँग ठोक्किँदै हुर्किएका थिए उनीहरु । मलाई विश्वास छैन । म निर्धक्क भन्न सक्छु, मानिस मात्र हैन, जीवित प्राणी सबैलाई आफ्नो जन्मभूमि असाध्य प्यारो हुन्छ । सँगैको अर्को घर वा बासस्थानमा सर्दा त पीडा हुन्छ भने अर्को देशमा जाँदा के खुशी भए होलान् रुद्रकली र खगेन्द्र ।

उपहार आदान-प्रदान गर्नु दुई राष्ट्रको मित्रताको लागि असाध्य सकारात्मक कुरा हो । उपहारको रुपमा कतार पुगेका रुद्रकली र खगेन्द्रको दैनिकी नेपालको भन्दा सुविधा सम्पन्न देखिन्छ तर उनीहरुको फदय खुशी छ भन्न सक्दिन म । कहीँ न कहीँ नेपालसँग भावना गाँसिएको छ उनीहरुको । फदयको अन्तर-कुन्तरमा नेपाल गुजुल्टाएर रोएको छ उनीहरुको मन । त्यसैले त कतैबाट नेपालको आवाज सुन्नासाथ उनीहरु सतर्क हुन्छन् । नौलो सुख-सयलमा देखिएको उनीहरुको खुशी फाट्दै गएको बादलजस्तो हुन्छ । अनुहारको भाव बदलिन्छ, आँखा रसाउन खोज्छन् । तर विवश उनीहरुले त्यो पीडा देखाउन सकेका छैनन् । किनभने उनीहरुको नियति बनेको छ कतारको चिडिया घरमा बस्नु । यसो भनौं न, धेरै नेपालीहरुकै नियति बनेको छ विदेशिनु ।

चिडिया घरमा पुगेका धेरै नेपालीलाई देखेर रुद्रकली र खगेन्द्रले भनिरहेका होलान्- धिक्कार नेपालीको कर्म ! मानिस होस् वा पशुपक्षी, जुनसुकै बहानामा विदेशिनै पर्ने । रुद्रकली र खगेन्द्र पुस २ गते सौराहबाट भैरहवा विमानस्थल हुँदै कतारको लागि उडेका हुन् । सौराहबाट भैरहवा जाँदा उनीहरुले खासै असहज महसुस गरेको देखिएन । आफ्नो देशको एउटा भूमिबाट अर्को भूमिमा टेक्ने कुरा उनीहरुको लागि असहज भएन । कतै आसपास घुम्न जान लागेको महसुस गरे शायद । तर जब उनीहरुलाई कतार लानको लागि विमानमा चढाइयो, उनीहरुको आँखाबाट आँसु चुहिएका थिए । सामाजिक सञ्जालमा छरपस्टती दृश्यले आम नेपालीको मनमा भक्कानो फुटेको थियो । रुद्रकली र खगेन्द्रको रोदन विकासोन्मुख सानो मुलुकको विवशताको प्रतिक बन्यो ।

रुद्रकली र खगेन्द्र हुर्किएको चितवनको सौराहस्थित हात्ती प्रजनन तथा तालिम केन्द्रका खोरसरका अधिकृत मनपुरन चौधरीले भनेका छन्- 'हामीलाई पनि आफ्नो जन्मथलो छाडेर जानुपर्दा नमज्जा लाग्छ, हात्तीमा पनि त्यो भावना हुनु स्वाभाविक हो । पीडाको समयमा हात्ती झस्किने, आवाज निकाल्ने र कतिपय अवस्थामा आँसु झार्ने गरेको अनुभव छ ।' त्रिभुवन विमानस्थलमा दैनिक सयौं नेपाली युवा-युवतीहरु आँखा पुछ्दै सुटकेस गुडाएर हवाईजहाजबाट अलप हुन्छन् । त्यस्ता युवा-युवतीका अभिभावकहरु घण्टौं विमानस्थलको प्रतीक्षालय र होटल-रेस्टुराँमा टोलाइरहेका भेटिन्छन् ।

यो विवशता गरिबीको विवशता हो । बाध्यता र आशाको विवशता हो । अलि-अलि शासकको लापरबाही, भ्रष्टाचारको दुर्गन्ध र नातावादको परिणामले भित्र्याएको विवशता हो । जेनजी आन्दोलनको पृष्ठभूमि त्रिभुवन विमानस्थलको अश्रुमिश्रित यही भीडबाट बनेको हो । भैरहवा विमानस्थलमा रुद्रकली र खगेन्द्रको आँसुलाई साथ दिन भने कुनै अभिभावक थिएनन् । उनीहरुको आँसु भैरहवाको जमिन र सामाजिक सञ्जालका वालहरुसम्म मात्र सीमित बनिदियो । उनीहरुलाई सधैं साथ दिने दुई माउते बुद्धिलाल श्रेष्ठ र पाचुखा थारु पनि सँगै उडेका थिए । त्यसैले पनि भैरहवा विमानस्थलमा रुद्रकली र खगेन्द्रको आँसुमा तड्पिएर टोलाइरहने कोही भएनन् । जेनजी आन्दोलनका अभियन्ताहरुले पनि रुद्रकली र खगेन्द्रको पीडालाई देख्न सकेनन् वा देख्न चाहेनन् ।

हामी धेरै नेपाली अभिसप्त छौं । मानिसको पीडामा देखावटी नै भए पनि हैंसे गर्न तम्सन्छौं । स्वार्थकै लागि भए पनि बिद्रोहको स्वर अलाप्छौं । तर पशुपक्षी, बोटबिरुवाप्रति थोरै पनि दायित्वबोध गर्दैनौं । बर्सौं दूध दिएर थाकेको गाई-भैंसीलाई बुढेसकालमा कि मासु पसलतिर लगेर बेचिदिन्छौं, कि भीरमा लगेर धकेलिदिन्छौं । युवा उमेरमा आम्दानी दिने हात्ती, घोडा, गोरुहरुलाई बुढेसकालमा अलपत्र मर्नको लागि छाडिदिन्छौं । सकुन्जेल घर र मालिकको सुरक्षामा बफादार हुने कुकुरलाई बूढो भएपछि सडकमा अलपत्र छोडिदिन्छौं । अनि कानुन कार्यान्वयन गर्ने निकायले पनि यो पशुपक्षीको मामला हो भन्दै त्यस्ता अपराधीहरुलाई धरपकड र सजायमा बेवास्ता गरिदिन्छन् ।

नेपाली भूमि भैरहवाको विमानस्थल बाट उड्दा रुद्रकली र खगेन्द्रले झारेका आँसु आफ्नो बासस्थान र जन्मभूमिप्रतिको स्नेही अभिवादन थियो । उनीहरु रुँदै गए । साथमा माउतेहरु बुद्धिलाल श्रेष्ठ र पाचुखा थारु भएकोले शायद नेपाल फर्कने अपेक्षा उनीहरुको भावनासँग जीवित थियो । म प्रताडित छु त्यो समयको लागि जति बेला बुद्धिलाल श्रेष्ठ र पाचुखा थारुले रुद्रकली र खगेन्द्रलाई छोडेर नेपाल फर्कन्छन् । उनीहरु त्यति बेला पक्कै खुशी हुन सक्दैनन् ।

मैले कतै पढेको थिएँ- जेनजी आन्दोलनको क्रममा जलेको पूर्वप्रधानमन्त्री झलनाथ खनालको घरमा उनीहरुले पालेको कुकुर एक्लै बसिरहेको थियो रे ! यो कति संवेदनशील विषय छ । जनावरहरु आफ्नो बासस्थान र जन्मथलोप्रति कति बफादार र निकट हुन्छन् । नेपाल र सौराहको आफ्नो जन्मथलोलाई हरेक पल सम्झिरहेका रुद्रकली र खगेन्द्र माउतेहरुको साथले कतारको चिडिया घरमा रमाउन सकिरहेका छन् । जब बुद्धिलाल र पाचुखा नेपाल फर्कनेछन् र उनीहरुले नयाँ माउते पाउनेछन् अनि सौराहको भूमिले उनीहरुको फदयको संवेदनालाई झस्काइदिने छ । कति रुन्छ होला उनीहरुको मन, त्यो संवेदनाको भुमरीले तथ्यको सुईको पाएपछि । चिडिया घर पुग्ने नेपालीको आवाज र नेपाल शब्दले उनीहरुको बासस्थानप्रतिको स्नेहलाई पलपल चिथोरिरहने छ । उमेर घर्किँदै जाँदा सौराह फर्कने उनीहरुको चाहनाको धड्कन बढ्दै जानेछ ।

डा. उपेन्द्र देवकोटाले मर्ने बेला आफू बाल्यकालमा रमाएको खोलामा खुट्टा डुबाएर र माउने र घरनजिकको धाराको पानी पिउने चाहना राखे । उनको चाहनाअनुसार परिवारले हेलिकोप्टरबाट उनलाई जन्मथलो पुऱ्याएर खोलामा खुट्टा डुबाउने र घरनजिकको धाराको पानी पिउने अवसर दिए । मानिसको जस्तै भावनात्मक उद्वेग भएका रुद्रकली र खगेन्द्रलाई पनि सौराह फर्किएर आफ्ना माउते र नेपाली पर्यटकसँग रमाउने चाहना हुनेछ । कठै ! उनीहरुको चाहना अब कसले पूरा गरिदेला ?

नेपालबाट चोरी एर विदेश पुगेका धेरै मूर्तिहरु सम्बन्धित मुलुकका शासकको महानताकै कारण फर्किएर पहिलेकै ठाउँमा सजिएका धेरै उदाहरण छन् । अपेक्षा गरौं, कुनै समय कतारका महान् अमिर शेखले रुद्रकली र खगेन्द्रलाई सौराह फर्काउने प्रबन्ध मिलाउने छन् । रुद्रकली र खगेन्द्रको धड्कन फेरि पनि सौराहको भूमिमा धड्कने छ । नेपालको भूमिमा उनीहरुले फेरि एकपटक अभिनन्दन गर्नेछन् र जीवनको केही पल कतारको भूमिमा सयर गर्ने अवसरको लागि संवेदनहीन नेपालका शासकहरुलाई धन्यवाद दिनेछन् ।

*(साभार: न्यूज अफ नेपाल)*

### महिला टी-२० विश्रुवकप ग्लोबल छनोट:

# बलियो थाइल्यान्डविरुद्ध पहिलो जितको खोजी

काठमाडौं/आइतबार देखि काठमाडौंमा महिला क्रिकेट विश्रुवकपको ग्लोबल छनोट सुरु हुँदैछ । प्रतियोगिताको समूह 'बी' मा रहेको नेपालले थाइल्यान्ड, नेदरल्यान्ड्स, जिम्बाबे र स्कटल्यान्डसँग खेल्नेछ । समूह चरणको शीर्ष ३ मा पर्न सके नेपाली टोली सुपर सिक्समा पुग्नेछ । त्यसपछि शीर्ष ४ मा पर्नुपर्नेछ । शीर्ष ४ मा पर्ने टोली विश्रुवकपमा पुग्ने प्रावधान छ । नेपाललाई घरेलु मैदानमै खेलेर यो इतिहास रच्ने अवसर छ ।

पहिलोपटक एसिया छनोट पार गरेर ग्लोबल छनोटमा प्रतिस्पर्धा गर्न लागेको नेपाली महिला टोलीको अबको लक्ष्य महिला विश्रुवकप खेलेर इतिहास रच्ने नै हुनेछ । त्यसका लागि नेपालले आफूभन्दा माथिल्लो वरियतामा रहेका अनि टेस्ट राष्ट्रलाई समेत हराउनु पर्नेछ । नेपालले समूह चरणका सबै खेल त्रिवि क्रिकेट मैदानमा खेल्नेछ । जसअन्तर्गत पहिलो खेल नेपालले आइतबार थाइल्यान्डसँग खेल्दैछ । खेल विहान ९ बजेदेखि सुरु हुँदैछ ।

थाइल्यान्ड नेपाली महिला क्रिकेट टोलीका लागि चिरपरिचित प्रतिद्वन्द्वी हो । हालसम्म थाइल्यान्डलाई हराउन नसकेको नेपाली टोली पहिलो खेलमै थाइल्यान्डलाई हराएर प्रतियोगितामा बलियो सुरुवात गर्ने सोचमा हुनेछ । थाइल्यान्डले महिला टी-२० विश्वकप खेलिसकेको छ । सन् २०२० मा अस्ट्रेलियामा भएको टी-२० विश्वकपमा खेलेको थाइल्यान्ड समूह चरणबाट अगाडि बढ्न भने सकेको थिएन ।

त्यस्तै थाइल्यान्डले सन् २०१२, २०१६, २०१८, २०२२ र २०२४ मा महिला एसिया कप पनि खेलेको छ । सन् २०२२ को एसिया कपमा थाइल्यान्डले पाकिस्तानलाई हराएको थियो भने सेमिफाइनलसम्मै पुगेको थियो ।




आईसीसी महिला टी-२० आई वरियतामा थाइल्यान्ड १२औं स्थानमा छ । थाइल्यान्डसँग नेपाली महिला टोलीले पछिल्लोपटक विश्वकप एसिया छनोटको सुपर थ्री मा खेलेको थियो जहाँ नेपाल पराजित भएको थियो । त्यही छनोट पार गरेर नेपाल र थाइल्यान्ड ग्लोबल छनोटमा आइपुगेका हुन् ।

**हेड टु हेड**

महिला टी-२०आईमा नेपालले हालसम्म ७पटक थाइल्यान्डसँग खेलेको छ । ७ वटै खेलमा नेपाल पराजित भएको छ । त्यसकारण नेपाल थाइल्यान्डविरुद्ध पहिलो जितको खोजीमा पनि हुनेछ । नेपालले पछिल्लोपटक एसिया छनोटमा थाइल्यान्डसँग खेलेको थियो । त्यसबेला थाइल्यान्डले दिएको १५९ रनको लक्ष्य पछ्याएको नेपालले जवाफमा ८० रन मात्र बनाएको थियो ।

त्यस्तै त्यसअघि नेपालले घरेलु मैदानमै भएको महिला टी-२० आई शृंखलामा थाइल्यान्डसँग खेलेको थियो । नेपाल ३ वटै खेलमा पराजित भएको थियो । पहिलो खेलमा ४ विकेटले पराजित भएको नेपाल दोस्रो खेलमा ५ रनले पराजित भएको थियो भने तेस्रो खेलमा ७ विकेटले पराजित भएको थियो ।

टिम कम्बिनेसन

अलराउन्डरको वर्चश्व रहेको नेपाली टोलीमा टिम कम्बिनेशन तयार गर्न केही कठिन हुने देखिएको छ । अभ्यास खेलमा सबै १५ खेलाडीलाई प्रयोग गर्न पाइने सुविधाका बीच नेपालले ब्याटिङमा राम्रो प्रदर्शन गर्दा बलिङ र फिल्डिङमा केही कमजोरी देखिएका छन् ।

अभ्यास खेलहरूमा गरेको प्रदर्शनका आधारमा नेपाली टोलीमा कप्तान इन्दु बर्मा, उपकप्तान पूजा महतो र पूर्वकप्तान रुबिना क्षेत्रीको स्थान निश्चित छ । टप अर्डरमा सम्झना खड्का र बिन्दु रावलले पनि राम्रो गरेका छन् । यीबाहेक लोअर अर्डरका खेलाडी चयनमा नै प्रशिक्षक केन्द्रित रहने देखिन्छन् ।

बलिङमा अधिकांश खेलाडी खर्चिला नै देखिएका छन् । यस्तोमा नेपालका लागि कुन प्लेइङ ११ अनि कतिजना अलराउन्डर राख्दा ठीक हुन्छ भनेर चयन गर्न प्रशिक्षकलाई एक किसिमको चुनौती नै रहने अवस्था छ । यता थाइल्यान्डले भने अनुभवी खेलाडीलाई नै समावेश गरेर प्लेइङ ११ तयार गर्ने सम्भावना छ । अनुभवी खेलाडी नताया बूचाथामको सन्यासपछि पनि थाइल्यान्डसँग प्रशस्त मात्रामा म्याच विनरहरू छन् ।

**प्रभाव पार्न सक्ने खेलाडी**

नेपालका लागि ब्याटिङमा टप अर्डरका सम्झना खड्का र बिन्दु रावलले राम्रो प्रदर्शन गरेका छन् । उनीहरूबाट राम्रो सुरुवातको अपेक्षा रहनेछ । यस्तै इन्दु, पूजा, रुबिना र सीता रानामगरबाट अलराउन्ड प्रदर्शनको अपेक्षा रहनेछ । कविता कुँवरको बलिङमा पनि नजर रहनेछ ।

कप्तान इन्दु नेपालका लागि सबैभन्दा धेरै रन बनाउने खेलाडी हुन् । त्यसपछि सीता राना मगर र रुबिना क्षेत्री छन् । बलिङमा सीता रानामगर र कविता कुँवरले धेरै विकेट लिएका छन् । थाइल्यान्डका लागि टप अर्डर ब्याटर नथाकन चन्थम र नानपत कोन्चारोन्काइको प्रदर्शन विपक्षीलाई घातक साबित बन्न सक्छ । कप्तान नारुमोल चाइवाइको ब्याटिङ अनि चनिदा सुथिराङको अलराउन्ड प्रदर्शन थाइल्यान्डको बलियो पक्ष हो ।

थाइल्यान्डका लागि नथाकन चन्थम सबैभन्दा धेरै रन बनाउने खेलाडी हुन् भने त्यसपछि कोन्चारोन्काइले सबैभन्दा धेरै रन बनाएकी छन् । बलिङमा पुथावोङ र काम्चोम्फू सर्वाधिक विकेट लिनेको सूचीमा शीर्ष ३ भित्र छन् ।

**कप्तानले के भने ?**

नेपाली टोलीकी कप्तान इन्दु बर्माले घरेलु मैदानमा खेल्न उत्साहित रहेको बताएकी छन् । उनले अभ्यास खेलमा राम्रो खेल्ने अवसर प्राप्त भएको र प्रतियोगितामा पनि त्यही लय निरन्तरता दिने बताएकी छन् । थाइल्यान्डकी कप्तान नारुमोल चाइवाइले नेपाल आउनुअघि भारतमा पनि अभ्यास खेल खेलेर आएको र यहाँ आएर पनि खेल्न पाउँदा कन्डिशनमा राम्रोसँग झुम्ने अवसर पाएको उल्लेख गरिन् । प्रतियोगितामा राम्रो खेलेर अगाडि बढ्ने उनको विश्वास छ ।

**सम्भावित ११**

नेपाल : इन्दु बर्मा, पूजा महतो, सम्झना खड्का, बिन्दु रावल, रुबिना क्षेत्री, कविता कुँवर, रिया शर्मा, मनिषा उपाध्याय, सोमु विष्ट, सीता राना मगर, रोमा थापा

थाइल्यान्ड : नारुमोल चाइवाइ, अफिसरा सुवानचोनराथी, नथाकन चन्थम, नानपत कोन्चारोन्काइ, चनिदा सुथिराङ, फनिता माया, सुलीपर्न लाओमी, ओनिचा काम्चोम्फु, सुनिदा चतुरोङरताना, थिपाथ्चा पुथावोङ

खेल : नेपाल विरुद्ध थाइल्यान्ड
समय : विहान ९ बजे
स्थान : त्रिवि क्रिकेट मैदान
मौसम : सफा, शीतले भिजेको मैदान

*(स्रोत: अनलाइनखबर)*

# 'भाइरल गोर्खे'को दोस्रो ट्रेलर: जब सौगातले मुक्काले भैँसी ढाले



काठमाडौं/माघे संक्रान्तिको अवसर पारेर शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'भाइरल गोर्खे'ले घरेलु बक्स अफिसमा अपेक्षित व्यापार गर्न नसकेको भए पनि दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । फिल्मको कथावस्तु, कमेडी पक्ष र अभिनेता सौगात मल्लको अभिनय निकै रूचाइएको छ । यसैले फिल्मले आगामी दिनमा व्यापारिक गति समात्नेमा निर्माण पक्ष आशावादी छ ।

यसैबीच, फिल्म रिलिजको दोस्रो दिन निर्माण पक्षले नयाँ ट्रेलर दर्शकमाझ ल्याएको छ । २ मिनेटभन्दा लामो ट्रेलरमा सौगातलाई टिकटक लाइभमा बसेको देख्न सकिन्छ । उनले जति प्रयास गर्दा पनि आफू भाइरल हुन नसकेको भन्दै अब विदेश जान लागेको बताउँदै गर्दा लाइभमा जय किशन बस्नेत जोडिएपछि उनीहरूबीच चर्काचर्की परेको छ ।

सौगातले निराश भावमा आफ्ना बाबुबाजेले देशका लागि ज्यान दिए पनि देशले आफूलाई केही दिन नसकेको भन्दै गुनासो गरि रहँदा जय किशनले उनलाई देशद्रोहीको संज्ञा दिन्छन् । उनले देशबाट नै निकाला गर्नुपर्छ भनेपछि सौगातले रिसमा मुक्का हान्दा छेउमै रहेको भैँसी भुइँमा बङ्लङ्गै ढल्छ । यो दृश्यसँगै सकिएको ट्रेलरले दर्शकमा फिल्मप्रति उत्कसुकता जगाएको छ ।

टिकटकमा भाइरल बन्न गर्ने संघर्ष र त्यसले पार्ने प्रभावको कथामा आधारित यस फिल्ममा सौगातको जोडी सृष्टि श्रेष्ठसँग बाँधिएको छ । पूर्वप्रेम जोडी समेत रहेका उनीहरूको फिल्ममा 'लिपलक' दृश्य समेत छ, जुन दर्शकलाई रोचक लाग्नेछ । बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, ऋषि धमला, पवित्रा साकी (मिस पवी) लगायतको पनि फिल्ममा अभिनय रहेको छ ।

'छड्के', 'लालपूर्जा' र 'छड्के २' जस्ता फिल्मका निर्देशक निगम श्रेष्ठले 'भाइरल गोर्खे'को निर्देशन गरेका हुन् । उनी स्वयंको कथा लेखन रहेको यस फिल्ममा अमित श्रेष्ठ, विशाल ताम्राकार, महेश लामिछाने र केवल जंग कुँवर निर्माताको रूपमा छन् । फिल्ममा अमर महर्जनको छायांकन तथा बन्दे प्रसाद, रवि चौधरी र भीम विश्वकर्माको सम्पादन रहेको छ ।

# 'शिवांश'को 'बैँस भुसुक्कै' गीतमा नाचे तेज र विमला

काठमाडौं/महाशिव रात्रिको दिन पारेर फागुन १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'शिवांश'को पहिलो गीत 'बैँस भुसुक्कै' सार्वजनिक गरिएको छ । लोकलयमा आधारित यस गीतमा राजनराज सिवाकोटी र समीक्षा अधिकारीले स्वर दिएका छन् । राजनराज र सरोज रञ्जितकारको शब्द रचना रहेको गीतमा राजनराज स्वयंले संगीत भरेका छन् ।



भाग्य, मायामोह, आकर्षण जस्ता भावनात्मक पक्षहरू समेटिएको गीतमा प्रेमी-प्रेमिकाले एकअर्कालाई गरेको तारिफ सुन्न सकिन्छ । मौलिक शब्दको प्रयोगले गीतमा मिठास थपेको छ । विक्रम चौहानको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू तेज गरी, विमला लिम्बू र बारत लिम्बूले आकर्षक नृत्य प्रस्तुत गरेका छन् ।

अञ्जान सिनेमा प्रोडक्सन हाउसको प्रस्तुति रहेको फिल्मको निर्देशन सन्तोष कुमार आत्रेयले गरेका हुन् । अञ्जान केसीको लगानी र कथा लेखन रहेको यस फिल्ममा तेज, विमला र बारतसहित प्रवीण खतिवडा, रुषा न्यौपाने, विकास जोशी, प्रदीप कुमार चौधरी, उदय कुमार सुब्बा, टीका निरौला लगायतको अभिनय देख्न सकिनेछ ।

शोभा भण्डारी र अनिष केसी बोगटी सह-निर्माता रहेको फिल्मको पटकथा बारत लिम्बूले तयार पारेका हुन् । यसमा विप्लव प्रतीक र राजनराज शिवाकोटीको गीत रचना छ भने संगीत न्ह्यू बज्राचार्य र राजनराज सिवाकोटीले दिएका छन् । शरद महत्तोको छायांकन रहेको फिल्ममा बनिष शाहको सम्पादन, विक्रम चोहानको कोरियोग्राफी तथा मिलन श्रेष्ठको द्वन्द्व निर्देशन छ ।

# गहुँ आयात : रित्तो कोटा, महँगो बजार

काठमाडौं/नेपालमा गहुँ आयात, फ्लोर मिल सञ्चालन र पिठोको बजार मूल्यलाई लिएर सरकार र उद्योगीबीच विरोधाभास देखिएको छ । सरकारले आधिकारिक माध्यमबाट गहुँ आयात गर्न मार्गप्रशस्त गरे पनि उद्योगीले त्यसलाई पूर्णत: बेवास्ता गरिदिएका छन् । अर्कोतिर, बजारमा आटा तथा मैदाको मूल्य पनि ह्वात्तै बढेको छ ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले १० माघ २०८१ मा व्यापारिक प्रयोजनका लागि उद्योगहरूलाई भारतीय कम्पनी 'नेसनल कोअपरेटिभ एक्स्पोर्ट लिमिटेड' (एनसीएल) मार्फत ९० हजार टन गहुँ आयात गर्न कोटा तोकेको थियो । गहुँ आयात गर्न चाहने उद्योग तथा फर्मले एक साताभित्र आवेदन दिनुपर्ने थियो । गहुँ आयात गर्न ५८ फर्म तथा कम्पनीले आवेदन दिए । प्रत्येक कम्पनीले न्यूनतम १ सयदेखि १० हजार टन गहुँ आयात गर्न पाउने व्यवस्था थियो । तर, कोटा तोकिए पनि उनीहरूले गहुँ आयात गरेनन् । त्यसपछि विभागले आयात गर्न भन्दै पटक-पटक म्याद थप्दै सूचना जारी गरे पनि गहुँ आयात भएन ।

चालु आव १७ भदौमा पनि विभागले सार्वजनिक सूचना जारी गर्दै एनसीएल मार्फत ४० हजार टन गहुँ आयात गर्न व्यवसायीलाई आह्वान गरेको थियो । कोटा तोकिएको गहुँ ३ महिनाभित्र ल्याइसक्नुपर्ने भनिएको थियो । तर, म्याद नाघिसक्दा पनि एउटा आवेदन विभागमा परेन । गत आव २०८१/८२ मा २ टन मात्रै गहुँ आयात भएको भन्सार विभागको तथ्यांकमा उल्लेख छ ।

वाणिज्य विभागका अधिकारीहरूका अनुसार आर्थिक वर्षका लागि गहुँ आयात गर्न उद्योगीले आधिकारिक रूपमा कोटा लिन कुनै आवेदन दिएका छैनन् । 'गहुँ आयात गर्न आवेदन निकालियो तर कोटा लिन एक जना पनि आएनन्,' विभागका एक अधिकारी भन्छन्, 'दुई वर्षदेखि आधिकारिक रूपमा गहुँ आयात नहुँदा ठूलादेखि साना सबै फ्लोर मिल शतप्रतिशत क्षमतामा चलिरहेका छन्, यी मिललाई कच्चापदार्थ कहाँबाट आपूर्ति भइरहेको छ ? यो गम्भीर विषय हो ।' भन्सार विभागको तथ्यांक केलाउने हो भने चालु आव २०८२/८३ मा ३८ करोड ९९ लाख ६६ हजार रुपैयाँको ८५ लाख ४१ हजार १ सय ५ किलो (८ हजार ५ सय ४१ टन) गहुँ आयात भएको देखिन्छ ।

**उद्योगीको दाबी : आयात प्रक्रिया नै मुख्य बाधक**

गहुँ आयात प्रक्रियामा सरकारले आयात गर्न चाहने कम्पनीको चुक्ता पूँजी कम्तीमा १ करोड रुपैयाँ हुनुपर्ने, विगतको कर चुक्ता प्रमाणपत्र हुनुपर्ने र कोटा प्राप्त गरेको तीन महिनाभित्र गहुँ आयात गरिसक्नुपर्ने प्रावधान छ । अर्को, एनसीएललाई शतप्रतिशत अग्रिम भुक्तानी गर्नुपर्ने र त्यसको वित्तीय स्रोत सुनिश्चित हुनुपर्छ । अनुमति पाउने कम्पनीले आयातित गहुँको मौज्दात, मूल्य र बिक्री विवरण साप्ताहिक रूपमा विभागमा बुझाउनुपर्ने र विभागले त्यसको अनुगमन गर्ने पनि सूचनामा उल्लेख छ ।

उद्योगीका अनुसार भारत सरकारले तोकेको आयात प्रक्रिया अत्यन्तै झन्झटिलो र जोखिमपूर्ण छ । 'खाद्यान्नजस्तो अत्यन्तै कम नाफा हुने व्यवसायमा शतप्रतिशत रकम अगाडि नै पठाउनु र थप १० प्रतिशत धरौटी राख्नुपर्ने व्यवस्थाले उद्योगीहरूलाई हतोत्साहित बनाएको छ,' एक उद्योगीले संचारकर्मीसँग भने, 'भारतीय व्यापारीहरू समेत यो प्रक्रियामा सहभागी हुन नचाहेका कारण आधिकारिक च्यानलबाट गहुँ ल्याउन कठिन भएको हो ।'

ठूलो रकम होल्ड गरेर काम गर्न भारतीय व्यापारीहरू समेत तयार नभएको उनको दाबी छ । उनका अनुसार टेन्डर प्रक्रियामा निकै कम भारतीय पार्टीले मात्र भाग लिएका कारण आधिकारिक कोटाबाट गहुँ ल्याउन कठिन भएको हो ।

**नेपालमै सहज गहुँ पाइन्छ : फ्लोर मिल्स एसोसिएसन**

नेपाल फ्लोर मिल्स एसोसिएसनका पूर्वअध्यक्ष माधवलाल श्रेष्ठ भने नेपालमै गहुँको उपलब्धता सहज भएका कारण कोटा अनुसार गहुँ नभित्रिएको दाबी गर्छन् । 'सरकारले यस वर्ष ४० हजार टनको कोटा तोके पनि करिब २५ प्रतिशतमात्र गहुँ आयात भएको हुन सक्छ,' उनले भने, 'आयात प्रक्रिया निकै झन्झटिलो भयो, प्रक्रिया चलिरहँदा यता नेपालमै गहुँ उचित मूल्यमा उपलब्ध हुन थाल्यो, त्यसैले भारतबाट थप गहुँ ल्याउन आवश्यक देखिएन ।'

उनका अनुसार भारतीय कम्पनीले सूचना निकाल्नुपर्ने र अन्य कानुनी प्रक्रिया पूरा गर्दा समय धेरै लागेको थियो । 'यस सिजनमा भारतबाट गहुँ ल्याउँदा झन् महँगो पर्न जान्थ्यो,' उनले दाबी गरे, 'हामीसँग दुई-तीन महिनालाई पुग्ने स्टक छ, फेरि चैतदेखि नेपालमै गहुँको नयाँ सिजन सुरु हुने भएकाले अहिले बजारमा अभाव हुने स्थिति छैन ।' कुनै पनि उद्योग सञ्चालन गर्न कम्तीमा तीन महिनाको मौज्दात राख्नुपर्ने भएकाले मिलहरूसँग पर्याप्त गहुँ रहेको उनको दाबी छ ।

**कमिसनले समस्या भयो : उद्योगी**

एक आटा तथा मैदा उद्योगी एनसीएलले प्रतिकिलो गहुँमा १ रुपैयाँ कमिसन माग्ने हुँदा उद्योगीलाई गहुँ आयात गर्न महँगो परेको बताउँछन् । 'कानुनमा हामीले भारतको खुला बजारबाट गहुँ ल्याउन नपाउने हो,' उनी भन्छन्, 'प्रतिकिलो १ रुपैयाँ कमिसन तिर्नुपर्छ, महँगो नभएसम्म कसैले टेन्डर हाल्दैन, खुला बजारमा सस्तो पाइन्छ, तर टेन्डरको झन्झटमा पर्नुभन्दा भारतीय व्यापारीहरू नै खुला बजारमै बेच्न रुचाउँछन् ।'

सरकारले भारतीय पक्षसँग सिधै 'जीटूजी' सम्झौता गरेर कोटा तोकिदिए सहज हुने तर्क उनको छ । 'सरकारले एनसीएलको झमेला हटाएर सिधै कुन उद्योगले कति ल्याउने हो, नाका तोकेर ल्याउन दिए ७ दिनमै माल आउँछ,' उनले थपे । उद्योगीहरू नै सरकारले तोकेको कोटाको गहुँ आयात गर्न झन्झट हुने हुँदा खुला बाटोबाटै गहुँ आयात गरेर उद्योग सञ्चालन गरिरहेको स्वीकार्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# निर्वाचन आयोगको निर्णयले तत्काल पार्ने ३ असर

काठमाडौं/निर्वाचन आयोगले शुक्रबार राति नेपाली कांग्रेसको विशेष महाधिवेशनलाई मान्यता दिने निर्णय गरेसँगै गगन-विश्व समूह नेपाली कांग्रेसको आधिकारिक पक्ष बनेको छ । एक आयुक्तको फरक मतका बाबजुद आयोगले बहुमतबाट नेपाली कांग्रेसको अभिलेख अद्यावधिक गर्ने निर्णय गरेको हो । नेपाली कांग्रेसको अभिलेख अद्यावधिक गर्ने निर्णयमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी र निर्वाचन आयुक्त सगुनशम्सेर जबरा थिए । तर, पुरानै अभिलेख कायम हुनुपर्ने भन्दै आयुक्त डा. जानकी तुलाधरले फरक राय लेखेकी थिइन् ।

निर्वाचन आयोगले भृकुटी मण्डपको विशेष महाधिवेशनलाई नेपाली कांग्रेसको विधानसम्मत महाधिवेशन भनेको छ । ४० प्रतिशतभन्दा बढी प्रतिनिधिले डाकेपछि त्यो महाधीवेशन बाध्यकारी हुने भन्दै निर्वाचन आयोगले कांग्रेसको सर्वोच्च निकायबाट निर्णय भएको विवरणलाई अद्यावधिक गर्ने निर्णय लिएको हो ।

विधानमा भएको व्यवस्थाको अवधि अर्थात तीन महिनाभित्र नै विशेष महाधिवेशन डाकिएको भन्दै आयोगले देउवा पक्षले पेस गरेको कागजातमाथि समेत सम्बोधन गरेको छ । देउवा समूहले करिव आठ सय प्रतिनिधिले हस्ताक्षर फिर्ता गरेको दाबी गरेका थिए । महाधिवेशनमा हस्ताक्षरसहित सहभागी भएर निर्णय प्रक्रियामा संलग्न भइसकेपछि फिर्ता गर्ने निवेदनले मान्यता नपाउने निष्कर्ष निकालेको हो । तर, निर्वाचन आयोगले आधिकारिक रुपमा निर्णयको विवरण सार्वजनिक गरिसकेको छैन ।

**देउवा पक्ष अदालतमा**

निर्वाचन आयोगको उक्त निर्णयमा असन्तुष्ट देउवा समूह सर्वोच्च अदालत जाने निश्चित भएको छ । निर्णय हुनुअघि नै सडक आन्दोलनको चेतावनी दिएका कांग्रेस देउवा समूहका नेता पूर्णबहादुर खड्काले अदालत जाने चेतावनी दिएका थिए । सम्भवत: आयोगको निर्णयको प्रमाणित प्रति पाएपछि देउवा समूह त्यो निर्णय खारेज गरी आफूहरुलाई मान्यता दिनुपर्ने माग सहित सर्वोच्च अदालत जानेछन् ।

**मनोनयन र सुनुवाइ एकैसाथ**

निर्वाचन आयोगको निर्णयमाथि प्रश्न उठाएको देउवा समूह छिटोमा आइतबारसम्म सर्वोच्च अदालत पुग्नसक्ने देखिन्छ । शनिबार सार्वजनिक बिदा भएकाले उनीहरुले आइतबार मात्रै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गर्ने सम्भवना रहन्छ ।

तर, फेरि सोमबार अर्को सार्वजनिक बिदा परेकाले मंगलबार मात्रै देउवा पक्षको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ हुने देखिन्छ । ६ माघ अर्थात आगामी मंगलबार देशभर प्रत्यक्षतर्फको मनोनयनको दिन समेत हो । त्यो दिन बिहान १० बजेदेखि नै उम्मेद्वारहरुको मनोनयन सुरु हुनेछ । देउवा पक्षले पेस गरेको रिटनिवेदन छिटोछरितो रुपमा अघि बढेमा मंगलबार विहान ११ बजेदेखि सुनुवाई हुनसक्ने देखिन्छ । सम्भव: मनोनयन र देउवा पक्षको रिट निवेदनको सुनुवाई एकसाथ अघि बढ्ने सम्भावना पनि छ ।

**तालिका सार्ने वा स्वतन्त्र उम्मेद्वारी ?**

यसअघि नै समानूपातिक तर्फको मतपत्र छाप्न शुरु गरिसकेको निर्वाचन आयोगले आफ्नै निर्णयबाट देउवा समूहलाई दल दर्ता गर्न समय दिएर निर्वाचनको कार्यतालिका प्रभावित पार्ने सम्भावना देखिदैन । अहिलेको अवस्थामा अदालतबाट आदेश आएमा मात्रै निर्वाचन आयोगलाई त्यो अवस्था बाध्यकारी बन्छ । बधिकारिकताको निर्णयपछि कांग्रेस सभापति गगन थापाले देउवा समूहलाई पनि एकवद्ध भएर आउन आह्वान गरेका थिए ।

अहिलेको प्रतिनिधिसभा निर्वाचनमा प्रतिस्पर्धा गर्न चाहने देउवा पक्षका नेताहरुलाई 'स्वतन्त्र उम्मेद्वारी' मात्रै विकल्प हो । निर्वाचन तालिका नसर्ने अनि स्वतन्त्र उम्मेद्वारी दिने अवस्था बनेन भने कांग्रेसबाट टिकट नपाउने देउवा पक्षका नेताहरु यो पटक प्रतिनिधिसभा निर्वाचनको प्रतिस्पर्धाबाट बाहिरिनेछन् ।

*(स्रोत: अनलाइनखबर)*

# कुशलको र्‍यापमा 'रमिताको पिरती'को 'फोन नगर' गीत रिलिज

काठमाडौं/प्रणय दिवसको छेको पारेर माघ २३ गतेबाट प्रदर्शनमा आउन लागेको लभस्टोरी फिल्म 'रमिताको पिरती'को र्‍याप गीत 'फोन नगर' सार्वजनिक गरिएको छ । र्‍यापर कुशल पोखरेलको स्वर तथा शब्द रचना रहेको उक्त गीत माघे संक्रान्तिको दिन बुटवलमा आयोजित सांगीतिक कन्सर्टमार्फत सार्वजनिक गरिएको हो । कन्सर्टमा कुशलले प्रत्यक्ष रूपमा गीत प्रस्तुत गरेका थिए ।

गीतको भिडियोमा र्‍यापर कुशल स्वयं देखिएका छन् भने फिल्मकी मुख्य अभिनेत्री आना शर्मा पनि प्रस्तुत छिन् । भिडियोमा दीपिका तामाङको कोरियोग्राफी पृथक र आकर्षक देखिएको छ । प्रेम सम्बन्धबाट आजित पात्रको भावना र अनुभूतिलाई रोचक शैलीमा व्यक्त गरेको गीतले फिल्मकी मुख्य पात्र आनाको मनोदशालाई दर्शाएको छ ।

फिल्मको प्रचारका लागि निर्माण पक्षले बुटवलबाट सांगीतिक यात्रा सुरू गरिसकेको छ । फिल्मका निर्माता सागर लम्सालका अनुसार अब विराटनगर, बिर्तामोड, धरान, पोखरा, धनगढी र काठमाडौंमा कन्सर्ट आयोजना हुनेछ । सबै सहरका कार्यक्रममा आनासहित कुशल पोखरेल, समीर श्रेष्ठ, महेश काफ्ले, जेम्सी, हुलाकी लगायतले प्रस्तुति दिने जनाइएको छ ।

सुदिप्ताको निर्देशनमा बनेको यस फिल्ममा आनासहित समीर श्रेष्ठ, धीरज मगर, गौमाया गुरुङ, पशुपति राई, रेनु योगी, थिन्ले ल्हामो लगायतका कलाकारहरूले अभिनय गरेका छन् । गायक समीरको यो डेब्यु फिल्म हो । सुदिप्ता स्वयंको लेखन रहेको फिल्ममा शिशिर विशाङ्केको डीओपी तथा सुनिल सिवाकोटीको सम्पादन छ । आना फिल्मको कार्यकारी निर्मातामा समेत छिन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# वन वातावरणको दिगो व्यवस्थापनमा महिला नेतृत्वको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ मकवानपुरका महिला जनप्रतिनिधिले स्थानीय तहमा वन, वातावरण र प्राकृतिक स्रोतको दिगो व्यवस्थापनलाई संस्थागतरुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्राकृतिक स्रोतमा महिला अधिकार सञ्जाल नेपालको संयोजनमा खाद्य तथा कृषि संगठन नेपालको आयोजनामा सम्पन्न अन्तरक्रिया तथा क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी महिला नेतृत्वले वन संरक्षण, जलवायु परिवर्तन अनुकूलन र स्थानीय जीविकोपार्जनलाई एकआपसमा जोडेर नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका हुन् । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य भारती पाठकले वन, वातावरण र जलवायु परिवर्तन अहिले विकासको केन्द्रीय एजेन्डा बनेको उल्लेख गरिन् ।



उनले प्रदेशसभाको विषयगत समितिमा यी विषयमा नीतिगत छलफल भइरहेको जानकारी दिँदै अब स्थानीय तहमा स्थानीय वन ऐन प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याइन् । उनले भनिन्, ‘नीति बनाउनु मात्रै पर्याप्त हुँदैन, स्थानीय तहसम्म पुगेर कार्यान्वयन गर्न सकियो भने मात्र यसको प्रतिफल देखिन्छ ।’ महिला जनप्रतिनिधिको सक्रिय सहभागिताले दिगो वन व्यवस्थापन र जलवायु अनुकूलनका कार्यक्रम सफल हुने उनको विश्वास थियो । ईन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष उमा लामाले आफ्नो पालिकाले हरेकवर्ष वन, वातावरण र जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको बताइन् ।

यस प्रकारका तालिम तथा अन्तरक्रियाले जलवायु परिवर्तनका असरबारे स्पष्ट बुझाइदिनुका साथै स्थानीय आवश्यकताअनुसार कार्यक्रम डिजाइन गर्न मद्दत पुगेको उनको भनाइ थियो । ‘जलवायु परिवर्तनका असर हामीले दैनिक जीवनमै भोगिरहेका छौँ, त्यसैले स्थानीय सरकारको योजना पनि त्यसअनुसार नै हुनुपर्छ,’ उनले जोड दिइन् । मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीले मनहरी गाउँपालिकाले आम्दानीसँग जोडिएको सामुदायिक वन व्यवस्थापनलाई प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी दिइन् ।

पालिकाको सक्रियता, उपभोक्ता समूहको सहभागिता र उद्यममुखी वन व्यवस्थापनका कारण पछिल्ला वर्षमा वनक्षेत्रमा आगलागी समेत नभएको उनले उल्लेख गरिन् । ‘वनलाई संरक्षण मात्र होइन, आम्दानी र रोजगारीसँग जोड्दा समुदाय स्वयं वनको संरक्षणमा जुट्छ,’ उनले भनिन् । आगामी दिनमा थप दिगो वन व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम ल्याउन यो कार्यक्रमले मार्गदर्शन गरेको उनको भनाइ थियो ।

बकैया गाउँ कार्यपालिका सदस्य लक्ष्मी माझीले कार्यक्रममा सहभागिताले जलवायु परिवर्तन, वन संरक्षण र प्राकृतिक स्रोत व्यवस्थापनका विषयमा बुझाइ थप स्पष्ट भएको बताइन् । उनले महिला, आदिवासी जनजाति र सीमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्दै अघि बढेमा मात्र दिगो विकास सम्भव हुने धारणा राख्दै एफएओप्रति आभार व्यक्त गरिन् । प्राकृतिक स्रोतमा महिला अधिकार सञ्जालकी अध्यक्ष आरती पाठकको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय तहका महिला तथा पुरुष जनप्रतिनिधि, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि, नवयुवा, नागरिक समाज तथा सरोकारवाला निकायका प्रतिनिधिको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा वन वातावरण संरक्षणलाई महिला सशक्तीकरण, स्थानीय समृद्धि र जलवायु सहनशील विकाससँग जोडेर अघि बढाउनुपर्नेमा सहभागीबीच सहमति जुटेको थियो । कार्यक्रमको निष्कर्षमा सहभागीले वन र वातावरण संरक्षणलाई केवल संरक्षणको दायरामा सीमित नराखी नीति, बजेट र कार्यान्वयनको स्पष्ट खाकासहित अघि बढाउनुपर्नेमा जोड दिएका छन् । स्थानीय तहमा महिला नेतृत्वको सक्रियताले दिगो वन व्यवस्थापन र जलवायु परिवर्तनको चुनौती सामना गर्न महत्वपूर्ण भूमिका खेल्ने सहभागीको निष्कर्ष रहेको थियो ।

# मकवानपुरका मौरीपालक किसान उत्साहित, बजारमा महको अभाव

● चरनक्षेत्रबाटै मह बिक्री ●



साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/चरन क्षेत्रबाटै मह बिक्री हुन थालेपछि मकवानपुरका मौरीपालक किसान उत्साहित भएका छन् । हेटौंडा, मनहरी, राक्सिराङ, काँकडा, खैराङ, मकवानपुरगढी, बकैयालगायत क्षेत्रका मौरीपालक किसानले महको राम्रो मूल्य पाउन थालेपछि व्यवसायप्रति थप उत्साहि भएका छन् ।

पूर्वी मकवानपुरको बकैया गाउँपालिका-४, जुरेली तुलसीपुरका मौरीपालक किसान नारायण घिमिरेलाई यतिबेला मह बिक्री गर्न भ्याइनभ्याइ छ । हेटौंडाको आल्दमार, हटिया चिसापानी, हर्नामाडी, खड्कुले, मकवानपुर गढीको डुम्रेकुना, मक्रान्चुलीलगायत क्षेत्रमा मौरीचरनका लागि लैजाँदै आएका घिमिरेले चरनक्षेत्रमै मह निकालेर धमाधम बिक्री गरिरहेका छन् । ‘बजारको कुनै समस्या छैन, चरनक्षेत्रबाटै मह बिक्री हुन्छ,’ घिमिरेले भने, ‘मह काढ्ने मेसिन पनि फिल्डमै लैजाने गरेको छु । मौरी चरनक्षेत्रमा नै स्थानीयले मह खरिद गर्नुहुन्छ ।’ उनले प्रतिकेजी एक हजार रुपैयाँमा मह बिक्री गर्दै आएका छन् ।


उत्पादन भएको अधिकांश मह काढेकै स्थानबाट बिक्री हुने गरेको उनको भनाइ छ । ‘बजार नपाइएला, बिक्री नहोला भन्ने चिन्ता छैन, उत्पादन भएको जति सबै बिक्री भएको छ,’ उनले थपे । तोरीको सिजनमा तीन पटकसम्म र फापर तथा रुदिलोको सिजनमा दुईपटकसम्म गरी वर्षमा करिब पाँच पटक मह काढ्ने गरिएको घिमिरेले बताए । सिजनअनुसार व्यावसायिक तरकारी तथा फूलखेतीसँगै मौरी पालन गर्दै आएका घिमिरे बजार राम्रो पाएकोमा उत्साहित छन् । विगत तीन वर्षदेखि व्यावसायिक मौरीपालन गर्दै आएका घिमिरे दम्पतीले तोरी फूलेका बेला जिल्लाका विभिन्न स्थानमा मौरीचरनका लागि लैजाने गरेका छन् ।

जाडोयाममा मौसम परिवर्तन हुँदा मह काढ्न कठिन हुने गरेको किसानको भनाइ छ । सफा र घाम लागेको मौसममा मात्र मह काढ्न उपयुक्त हुने र चिसो मौसममा मह काढ्दा मौरी रिसाउने तथा काम गर्न समस्या हुने घिमिरेले जानकारी दिए । मौरीचरन स्थानान्तरण गर्नु अघि मह काढ्ने गरिएको उनको भनाइ छ । हाल १६ वटा गोला (घारमा) मौरी पाल्दै आएका घिमिरेले मौरीका गोला तयार पारेर बिक्री गरी आम्दानी गर्दै आएका छन् । ‘पहिला ३१ वटा गोला थियो, १० गोला बिक्री गरियो, अहिले २१ वटा बाँकी छन्,’ उनले भने, ‘बर्खामा किरा, कमिला र चराका कारण मौरी घटेको हो ।’

फागुनपछि मौजुदा गोलालाई दोब्बर बनाउने लक्ष्यसहित काम गरिरहेको उनले बताए । माहुरीको घार र महको माग बढ्दै गएपछि व्यवसाय विस्तार गर्दै लगिएको घिमिरेले जानकारी दिए । ‘एपिस मेलिफेरा’ जातको मौरीपालन गर्दै आएका उनका अनुसार यस व्यवसायबाट मनग्य आम्दानी हुने गरेको छ ।

आफैँले रानो उत्पादन गरी गोला वृद्धि गर्न सकिने उनको भनाइ छ । मह बिक्रीका लागि बजारको समस्या नरहेको बताउँदै घिमिरेले गतवर्ष २६० केजी मह उत्पादन गरी बिक्री गरेका थिए । यसवर्ष चार क्विन्टल मह उत्पादन गर्ने लक्ष्य रहेको उनले बताए । खर्च कटाएर वार्षिक करिब तीन लाख रुपैयाँसम्म आम्दानी हुने उनको भनाइ छ ।

# प्रगतिशील मकवानपुरको इञ्चार्जमा सिम्खडा, अध्यक्षमा ढकाल





साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ प्रगतिशील लोकतान्त्रिक पार्टी मकवानपुरले इञ्चार्ज र जिल्ला अध्यक्ष चयन गरेको छ । हेटौंडामा केन्द्रीय सदस्य तथा प्रदेश सहइन्चार्ज एवम् सदस्यको उपस्थितिमा भएको बैठकले जिल्ला इञ्चार्ज, जिल्ला अध्यक्ष र उम्मेदवारको टुंगो लगाएको हो ।

प्रदेश कमिटीको पुस २० गतेको परिपत्रअनुसार जिल्लाको इन्चार्जको जिम्मेवारीमा राजेन्द्र सिम्खडा (दारिबा) र जिल्ला अध्यक्षमा धुवराज ढकाललाई जिम्मेवारी प्रदान गरेको हो । बैठकले जिल्लामा संगठन सुदृढीकरणका लागि छिट्टै जिल्ला एकताभेला तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ । फागुन २१ गते हुन लागेको संघीय निर्वाचन क्षेत्रका उम्मेदवारको पनि सर्वसम्मतरुपमा चयन गरेको छ । जसमा संघीय निर्वाचन क्षेत्र नं. १ को लागि तेजप्रसाद उप्रेती (रमेश) र तुफानबिक्रम क्षेत्री (दीपशक्ति) तथा निर्वाचन क्षेत्र नं.२ को लागि सन्तोष विष्टलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

पार्टीको निवाचन क्षेत्र इन्चार्जको जिम्मेवारी तोक्ने र आसन्न निर्वाचनको लागि परिचालन कमिटी पनि छिट्टै निर्माण गर्ने लगायत रणनीतिक निर्णय पनि बैठकबाट पारित गरिएको छ । बैठक पार्टीका केन्द्रीय सदस्य एवम् स्कुलिङ विभाग प्रमुख सोनामसिं स्याङतान (विजय) को प्रमुख आतिथ्यतामा बसेको थियो । उनले पार्टीको आगामी राजनीतिक गतिविधिलाई थप प्रभावकारी बनाउने उद्देश्यले गरिएका यी निर्णयले संगठनलाई एकताबद्ध र मजबुत बनाउने विश्वास व्यक्त गरे ।

जिल्ला इञ्चार्ज सिम्खडाको अध्यक्षतामा भएको बैठकमा विशिष्टअतिथि पार्टीका केन्द्रीय सदस्य एवम् बागमती प्रदेश सहइन्चार्ज अनिल शर्मा, केन्द्रीय सदस्य एवम् विशेष प्रदेश सहइन्चार्ज सन्तोष विष्ट, केन्द्रीय सदस्य एवम् युवा विभाग इन्चार्ज प्रकाश पाण्डे (परलोक) केन्द्रीय सदस्य एवम् मुस्लिम मोर्चा इन्चार्ज इजाहार आलम, केन्द्रीय सदस्य बिष्णुहरि ढकाल, तुफानबिक्रम क्षेत्री, निर्वाचन क्षेत्र २ नम्बर इन्चार्ज तेजप्रसाद उप्रेती (रमेश)लगायतको उपस्तिथि रहेको थियो ।

यस्तै बैठकमा बागमती प्रदेश कमिटी सदस्यहरु प्रकाश मैनाली, दुर्गाकुमारी रमौलीमगर, निखिल उप्रेती, राम पुडासैनी, सन्दिप ढुङाना, गोपाल तामाङ, नरेश महर्जन लगायतको उपस्थित रहेका थिए ।

# देउवापक्षद्वारा आइतबार सर्वोच्च जाने, पार्टी कार्यालय नछाड्ने

साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/नेपाली कांग्रेस (देउवापक्ष) को केन्द्रीय कार्यसमिति बैठकले निर्वाचन आयोगको निर्णयलाई अस्वीकार गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा शनिबार बसेको बैठकले आयोगले माघ २ गते गरेको निर्णय नेपालको संविधान, प्रचलित कानुन र पार्टीको विधानविपरीत रहेको ठहर गरेको हो । बैठकका निर्णयबारे जानकारी दिँदै नेता डा. प्रकाशशरण महतले आयोगको निर्णयलाई ‘दुराशयपूर्ण’ र ‘दूषित मनसाय’ बाट प्रेरित रहेको टिप्पणी गरे । उनले भने, ‘देशको सबैभन्दा ठुलो लोकतान्त्रिक पार्टीको विधिवत् निर्वाचित केन्द्रीय समितिलाई अवैधानिक ढंगले परिवर्तन गरी गम्भीर क्षति पुर्‍याउने मनसाय स्पष्ट देखिन्छ । यो निर्णय मुलुकमा लोकतान्त्रिक व्यवस्थालाई दुर्घटनामा पार्ने षड्यन्त्रको एक अंश हो ।’

बैठकले आयोगको निर्णयविरुद्ध संवैधानिक तथा कानुनी उपचार खोज्ने निर्णय गरेको महतले बताए । उनले भने, ‘हामी यसको खिलाफमा सर्वोच्च अदालत जाँदैछौं । हामीलाई विश्वास छ, सर्वोच्च अदालतबाट न्याय मिल्नेछ ।’ महतले निर्वाचन आयोगले अर्को पक्षले गरेको विशेष महाधिवेशनको वैधानिकता र उपस्थित संख्या जाँच नगरी एकतर्फी निर्णय गरेको आरोप लगाए । ‘हामीलाई बोलाउँदा पनि नबोलाई, हाम्रो पक्षलाई सुन्ने औपचारिकता समेत पूरा नगरी एकतर्फीरुपमा निर्णय गरियो,’ उनले भने ।

सञ्चारकर्मीको जिज्ञासामा महतले शेरबहादुर देउवा नेतृत्वको समिति नै आधिकारिक रहेको र सानेपा छोड्ने प्रश्नै नउठ्ने बताए । उनले भने, ‘अहिले शेरबहादुरजीको सभापतित्वमा पूर्णबहादुरजी कार्यवाहक सभापति हुनुहुन्छ । यो नै आधिकारिक पार्टी हो । निर्वाचन आयोगले निर्णय गर्दैमा हामी आधिकारिक नरहने कुरा हुँदैन ।’ देउवापक्षले आयोगको निर्णयविरुद्ध कानुनी लडाइँसँगै राजनीतिकरुपमा पनि सशक्त प्रतिवाद गर्ने जनाएको छ ।

# सिद्धार्थ माविको स्वर्ण महोत्सव रक्तदान सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालय स्थापनाको ५० औं वर्षलाई स्वर्ण महोत्सवको रुपमा मनाइरहेको छ । यस अवसरमा शनिबार रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।

महोत्सवको दोस्रो दिन शनिबार विद्यालय परिसरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा विद्यार्थी, शिक्षक, पूर्वविद्यार्थी सशस्त्र प्रहरीका गरी २८ जना रक्तदाताले रक्तदान गरेको कार्यक्रम संयोजक बालकुमार श्रेष्ठले जानकारी दिए । स्वर्ण महोत्सवको आइतबार बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

आइतबार विद्यालयका पूर्वविद्यार्थी, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्षलगायतलाई सम्मान, स्वर्ण महोत्सव स्तम्भको अनावरण, स्मारिका विमोचन, शोभायात्रा लगायत कार्यक्रम रहेको प्रचार समिति संयोजक गणेश हुमागाईले जानकारी दिए ।

महोत्सवकै अवसरमा शुक्रबार विद्यालय परिसरमा सर सफाई गरिएको थियो । विद्यालयले स्वर्ण महोत्सव माघ ८ गतेसम्म विविध कार्यक्रम गरी मनाउँदै छ । स्वर्ण महोत्सव मनाउन हेटौंडा उपमहानगरपालिका-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जनको संयोजकत्वमा ५०१ सदस्यीय स्वर्ण महोत्सव मूल आयोजक तयारी समिति बनाइएको छ ।

# गजल मञ्चको २३२ औँ गजलयात्रा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/गजल मञ्च मकवानपुरको २३२ औँ नियमित गजलयात्रा सम्पन्न भएको छ । शनिबार बिहान गजल मञ्चका अध्यक्ष सञ्जित श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ साहित्यकार तथा गजलकार तुलसी घिमिरे प्रमुख अतिथि र महाकाव्यकार मुना अर्याल विशिष्ट अतिथिका रुपमा उपस्थित थिए ।

कार्यक्रममा अग्रज साहित्यकार रमेशमोहन अधिकारी, मञ्चका संरक्षक तथा सल्लाहकार मुक्तिगोविन्द बैद्य, सिस्नुपानी नेपाल मकवानपुरका निवर्तमान अध्यक्ष राजकुमार लामिछाने, लघुकथाकार समीर पाख्रिन, पूर्वअध्यक्षहरु मुस्कान तिमल्सिना र देवराज तिवारी, निवर्तमान अध्यक्ष तथा सल्लाहकार केशव समर्पणलगायतको आतिथ्यता रहेको थियो । साहित्य संगम मकवानपुरका अध्यक्ष डीवी बर्तौला, सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष सम्प्रस पौडेल, लघुकथा चौतारी नेपाल मकवानपुरका अध्यक्ष किशन पौडेल, जनसांस्कृतिक महासंघ मकवानपुरका अध्यक्ष राजुराम राउत, गजलकार सानू खनाल, सुवास सजल, मिथिला अधिकारी तथा संगीतकार प्रमेन्द्र महर्जनको सहभागिता रहेको थियो ।



कार्यक्रमको मुख्य आकर्षणकारुपमा आयोजित गजल वाचनमा अनुशुया खनाल, सुजन विश्वकर्मा, चिरञ्जीवी लामिछाने, राजकुमार चौधरी, सुवास सजल, मिथिला अधिकारी, केशव समर्पण, किशन पौडेल, देवराज तिवारी, सानू खनाल र डीवी बर्त्तौलालगायत एक दर्जनभन्दा बढी स्रष्टाले आफ्ना सिर्जना प्रस्तुत गरेका थिए । विशिष्ट अतिथि अर्याल र प्रमुखअतिथि घिमिरेले प्रस्तुत गरेको सशक्त गजलले कार्यक्रमलाई थप उचाइ प्रदान गरेको थियो । कार्यक्रमको प्रारम्भमा गजल मञ्च मकवानपुरका उपाध्यक्ष हरि पौडेलले स्वागत मन्तव्य राख्दै गजलयात्राको ऐतिहासिक निरन्तरता र यसको साहित्यिक महत्वबारे प्रकाश पारेका थिए । कार्यक्रमको औपचारिक सञ्चालन मञ्चका सचिव कमल नेपालले गरेका थिए ।

# प्रदेशस्तरीय विज्ञान प्रदर्शनीमा बालजागृति बोर्डिङ प्रथम

साझाकुरा संवाददाता




हेटौंडा, ३ माघ/ बागमती प्रदेशस्तरीय विज्ञान प्रदर्शनीमा मकवानपुरस्थित बालजागृति सेकेण्डरी इङ्लिस स्कुल प्रथम भएको छ ।

प्रथम भएसँगै विद्यालय नगद २५ हजार रुपैयाँसहित पुरस्कृत भएको छ । हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा सञ्चालन भएको प्रदेशस्तरीय विज्ञान प्रदर्शनीमा चितवनको माडीस्थित माडी माध्यमिक विद्यालय द्वितीय हुँदै नगद २० हजार रुपैयाँ प्राप्त गर्न सफल भएको छ । त्यसैगरी भक्तपुरको आदर्श माध्यमिक विद्यालय तृतीय भई १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । सान्त्वना पुरस्कार सिन्धुपाल्चोकको कृष्णरत्न गंगा माध्यमिक विद्यालयले हात पारेको छ । यो विद्यालयलाई नगद १० हजार रुपैयाँ प्रदान गरिएको छ ।

बागमती प्रदेशको शिक्षा विकास निर्देशनालयको आयोजनामा सम्पन्न प्रदर्शनीमा बागमती प्रदेशका १२ जिल्लाका विद्यालयको सहभागिता रहेको थियो । जिल्लास्तरीय प्रतियोगितामा प्रथम भएका विद्यालय प्रदेशस्तरीय प्रदर्शनीमा सहभागी भएका हुन् । यस प्रतियोगितामा दोलखा जिल्लाको सहभागिता भने रहेको थिएन । विद्यार्थीमा नवप्रवर्तनशील सोच, वैज्ञानिक चेतना तथा सिर्जनात्मक क्षमताको विकासमा टेवा पुराउने उद्देश्यले प्रदेशस्तरीय विज्ञान प्रदर्शनी आयोजना गरिएको शिक्षा विकास निर्देशनालयले जनाएको छ ।


**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
बागमती प्रदेश
हेटौंडा, नेपाल

**करार सेवा सम्बन्धि सूचना !**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/१०/०४*

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक सेवातर्फ आवश्यक देहायका जनशक्तिहरु करार सेवाबाट लिनुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरुले रितपूर्वक दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचनाप्रकाशितगरिएको छ ।

**आवश्यक जनशक्ति**:
1. Professor (Nursing)
2. Professor (Public Health)
3. Associate Professor (Pharmacology)
4. Associate Professor (Biostatistics)
5. Associate Professor (Pharmacy)
6. Associate Professor(Biochemistry)
7. Associate Professor (Nursing)
8. Lecturer(Community Medicine)
9. Lecturer ( Internal Medicine)
10. Lecturer (Physiology)
11. Lecturer (Nursing)
12. Lecturer (Medicinal Chemistry-pharmacy)

दरखास्त बुझाउने अन्तिम मिति : २०८२/१०/१८
नोटः विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइट www.mbahs.edu.np मा राखिएको छ । साथै थप जानकारीको लागि प्रतिष्ठानको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना